# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ईशनाथ नगरपालिका

## रौतहट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ईशनाथ नगरपालिका

## रौतहट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## ईशनाथ नगरपालिका

## रौतहट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

नगरपालिकाको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव नगरपालिकाको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, मधेश प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. १०६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
ईशनाथ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
रौतहट ।

**कैफियत सहितको राय**

हामीले ईशनाथ नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ११ करोड ९१ लाख ७८ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५२ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड ४३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १६ लाख २१ हजार र पेश्की रू.३ करोड २२ लाख ४४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.७६ करोड १३ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.८४ करोड २९ लाख ४२ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय

विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

ईशनाथ  नगरपालिका, रौतहट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६८ | ३१७ | ११९१७८ | ० | ० | ० | ६८ | ३१७ | ११९१७८ | ५२७० | २१६२१ | ६००४३ | ० | ० | ८१६६३ | ३२२४४ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ईशनाथ नगरपालिका रौतहट | ७६१३०४ | | ३७५४० | ७२३७६४ | ० | ११९१७८ | ८४२९४२ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ईशनाथ नगरपालिका, रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भुदेव झा | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | खिम बहादुर भुजेल | २०७८-८-२० | २०७९-४-१५ |
| लेखा प्रमुख | मनोज कुमार ठाकुर | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११९,१७८,११२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २,३६,७०,८६२.७४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,२३,३५,७८० | चालु खर्च | २५,५५,७७,०९९.८२ |
| प्रदेश सरकारबाट अनुदान | १,६४,१०,००० | पूँजीगत खर्च | १६,०४,४०,४९३.६३ |
| राजश्व बाँडफाँट | ८,७५,२७,९१४.८६ | वित्तीय/अन्य व्यवस्था | १७,७८,८९,८३६.०४ |
| आन्तरिक आय | १,१४,७७,७६२.९४ | | |
| अन्य आय | १८,१९,७३,३७५.५७ | | |
| कुल आय | ६२,९७,२४,८३३.३७ | कुल खर्च | ५९,३९,०७,४२९.४९ |
| बाँकी मौज्दात | | ५,९४,८८,२६६.६२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ३५१७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१ हजार ४३५ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण :-** महालेखापरीक्षकको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना,२०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।११।२९ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :- | |
| ३ | | | **लेखापरीक्षण क्रममा असुली :-** पालिकाले आन्तरिक आय बापत आन्तरिक राजश्व खातामा दाखिला गर्न बाँकि रु.११४,८०० लेखापरीक्षणको क्रममा दाखिला भएको छ। | |
| ४ | | | **वित्तीय विवरण :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| विवरण | यस वर्ष रु | | | गतवर्ष रु | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ४७५७८४२१९ | ४७४३०२०७९ | ४७४३०२०७९ | ४३६२५७६९९ | ४३६२५७६९९ |
| क प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४५७७४६७८० | ४५३००२८९६ | ४५३००२८९६ | ४३२९३३६४५ | ४३२९३३६४५ |
| ११००० कर | ९३७७१००० | ९४०४२८९६ | ९४०४२८९६ | ७७९७१७११ | ७७९७१७११ |
| १३००० अनुदान | ३५१०४५७८० | ३५२३७२७८० | ३५२३७२७८० | ३३४४१७८०५ | ३३४४१७८०५ |
| संघीय सरकार | ३३४६३५७८० | ३३५९६२७८० | ३३५९६२७८० | ३१३८७६८५० | ३१३८७६८५० |
| प्रदेश सरकार | १६४१०००० | १६४१०००० | १६४१०००० | २०५४०९५५ | २०५४०९५५ |
| १४००० अन्य राजस्व | ९४३०००० | ५२७२९०६ | ५२७२९०६ | २०५४४१३० | २०५४४१३० |
| १५००० विविध प्राप्ति | ३५००००० | १३१४३१४ | १३१४३१४ | ० | ० |
| ख अन्य प्राप्ति | १८०३७४३९ | २१२९९१८३ | २१२९९१८३ | ३३२४०५४ | ३३२४०५४ |
| वितरण गर्न बाँकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | १८०३७४३९ | १०९१९४१८ | १०९१९४१८ | ० | ० |
| धरौटी | ० | १०३७९७६५ | १०३७९७६५ | ३३२४०५४ | ३३२४०५४ |
| भुक्तानी (ग+घ) | ४७९२६८२१९ | ४३१६५२८७० | ४३१६५२८७० | ३८१७३७१२२ | ३८१७३७१२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग भुक्तानी (सञ्चित कोषबाट) | ४६१२३०७८० | ४१६०१७५९३ | ४१६०१७५९३ | ३७८६९८५३४ | ३७८६९८५३४ |
| २१००० पारिश्रमिक / सुविधा | १०९००७४०७ | १०१५९१५१४ | १०१५९१५१४ | १०१३३०६५८ | १०१३३०६५८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १६४३६४५९३ | १४४८९९८६७ | १४४८९९८६७ | १०१०२८०७० | १०१०२८०७० |
| २५००० सहायता (Subsidy) | १०५९००० | १०५९००० | १०५९००० | ७४३८४६ | ७४३८४६ |
| २६००० अनुदान | १००००० | ९६८७७ | ९६८७७ | २००००० | २००००० |
| २७००० सामाजिक सुरक्षा | १३४७०००० | ४०६१८०२ | ४०६१८०२ | ३५७१२९५२ | ३५७१२९५२ |
| २८००० अन्य खर्च | ४४७४००० | ३८६८०४० | ३८६८०४० | ३९५०००० | ३९५०००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १६८७५५७८० | १६०४४०४९४ | १६०४४०४९४ | १३५७३३००७ | १३५७३३००७ |
| घ अन्य भूक्तानी | १८०३७४३९ | १५६३५२७६ | १५६३५२७६ | ३८१७३७१२२ | ३८१७३७१२२ |
| कोषहरु | १८०३७४३९ | १२३४४२९१ | १२३४४२९१ | ० | ० |
| धरौटी | ० | ३५६४५३५ | ३५६४५३५ | ३०३८५८९ | ३०३८५८९ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | -२७३५४९ | -२७३५४९ | | |
| ङ यो वर्षको बचत (न्युन) | -३४८४००० | ४२६४९२०९ | ४२६४९२०९ | ५४५२०५७७ | ५४५२०५७७ |
| च गतवर्षको जिम्मेवारी रकम (अल्या) | | २०३१६६६८ | २०३१६६६८ | ६१३६४०३ | ६१३६४०३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>(३४,८४,०००००)</td><td>६,२९,६५,८७६९२</td><td>६,२९,६५,८७६९२</td><td>६,०६,५६,९७९९०</td><td>६,०६,५६,९७९९०</td></tr>
<tr><td>बैंक तथा नगद बाँकी</td><td></td><td>६,३०,२०,९०५९२</td><td>६,३०,२०,९०५९२</td><td>२,८८,५०,०२४२९</td><td>२,८८,५०,०२४२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय प्रतिवेन :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेपफानं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः-</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता :- यस पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेपफानं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,१५,९३,६११ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२,३५,९३,४०१ पुँजीगत खातामा रु.८७,७३,५८९</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आन्तरिक राजस्व खातामा रु.२,१९,२६० मौज्दात रहेको पाइयो । तोकिएको समयमा श्रेस्ता अद्यावधिक गरी सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (मलेपफानं२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रु.३५,३२,६३९ फरक परेको छः-
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाँकी रु.</th><th>बैंक अनुसार बाँकी रु.</th></tr>
<tr><td>ग ११, आन्तरिक राजस्व खाता</td><td>२१९२६०</td><td>२१९२६०</td></tr>
<tr><td>ग १२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>५६०५१८७</td></tr>
<tr><td>ग १३, आन्तरिक अनुदान खाता</td><td>०</td><td>१७१९५५</td></tr>
<tr><td>ग २१, चालु खर्च खाता- विजोर वर्ष</td><td>२३५९३४०१</td><td>२२२८२५८२</td></tr>
<tr><td>ग २३, पुँजीगत खर्च खाता- विजोर वर्ष</td><td>८७७३५८९</td><td>८९२१३२७</td></tr>
<tr><td>ग २७, विविध खर्च खाता</td><td>१५२२२६</td><td>५४०२२६</td></tr>
<tr><td>ग ३१, स्धानीय तह धरौटी खाता</td><td>११६६४०२७</td><td>११६६४०२७</td></tr>
<tr><td>ग ४१, स्थानीय तह सञ्चित कोष खाता</td><td>८८२६६४६</td><td>७६५६७४८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग ७२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>१७८८८९</td><td>२४२६९५४</td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]</td><td>१११२३६८५</td><td></td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td>-१५१०८१९</td><td></td></tr>
<tr><td></td><td>६,३०,२०,९०६</td><td>५,९४,८८,२६७</td></tr>
</table>
पालिकाको भनाई अनुसार कोलेनिकाबाट प्राप्त निकासा सुत्रमा आम्दानी जनाउन फरक परेको कारण श्रेस्ता भन्दा बैंक मौज्दात घटी भएको जनाएको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गरी श्रेस्ता भन्दा बैंक मौज्दात घटी देखिएको यथार्थ रकम निर्क्यौल गर्नुपर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
फरक हिसाव :- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३३,५४,१९,४६१ यस वर्षको प्राप्ति रु.१५,५४,२२,७५,४६४ यस वर्षको भुक्तानी रु.१६,२२,५४,५५,९५५ र बैङ्क मौज्दात रु.३,५३,२६,३९३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी मलेपफानं२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><td>विवरण</td><td>गतवर्षको जिम्मेवारी</td><td>यसवर्षको प्राप्ति (आय)</td><td>यसवर्षको भुक्तानी (व्यय )</td><td>बैङ्क मौज्दात</td></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (मलेपफानं२७२) अनुसूची-९ अनुसार</td><td>२०३१६६६८१३</td><td>४७४३०२०७८७३</td><td>४३१६५२८६९९४</td><td>६३०२०९०५९२</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>२३६७०८६२७४</td><td>६२९७२४८३३३७</td><td>५९३९०७४२९४९</td><td>५९४८८२६६६२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फरक -३३५४१९४६१ -१५५४२२७५४६४ -१६२२५४५५९५५ ३५३२६३९३ | |
| १० | | | **फरक जिम्मेवारी :-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,४४,१५,३६९।६१ मौज्दात रहेकोमा यसवर्ष लेखापरीक्षणको क्रममा तयार गर्न लगाइएको एकीकृत आर्थिक विवरण अनुसार रु.२,३६,७०,८६२।६१ जिम्मेवारी सारेको देखीएकोले रु.४,०७,४४,५०६।८७ मौज्दात रकम फरक परेको देखिन्छ । पालिकालको भनाई अनुसार मलेपप्रतिवेदनमा मौज्दात रकम उल्लेख गर्दा साट्न बाँकी चेक समेत राखी देखाएको तर श्रावण १५ सम्म चेक सटही भई उक्त मौज्दात रु.२,३६,७०,८८२।७४ मात्र रहेको जनाएको छ । अत: यस सम्बन्धमा पालिकाले आफ्नो संचित कोषको हिसाव अद्यावधिक गरी यथार्थ जिम्मेवारी अल्या गर्नु पर्दछ । | |
| ११ | | | **ससर्त अनुदान फिर्ता :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (मलेपफानं २७२) को अनुसूची - २१ मा फिर्ता गर्न बाँकी अनुदान संघ तर्फ रु.२,६७,३२,७५८।०४ र प्रदेश तर्फ रु.१,१९,९९९।३९ गरी कुल रु.२,६८,५२,७५७।४३ रहेकोमा प्रदेश तर्फको मात्र रु.१,१९,९९९।३९ मिति २०७९।९।११ मात्र फिर्ता गरेको देखिएकोले संघ तर्फको बाँकी फिर्ता गर्नुपर्ने रु. | २६,७३२,७५८ |
| १२ | | | **कर दायित्व :-** आयकर ऐन २०५८ को दफा ९० को उपदफा ४ बमोजिम तोकिएको समयमा कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (.म.ले.प.फा.नं. २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२,७३,५४९१६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत:उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | २७३,५४९ |
| १३ | | | **बजेट पेश, पारित र अख्तियारी :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाको उपप्रमुखले मिति २०७८।३।१० मा रु.४६ करोड १२ लाख ३० हजार ७८० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूचि ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ९ वडाको लागि वडागत १०० र पालिकास्तरका १०५ गरी कूल २०५ योजनामा वजेट विनियोजन गरेको छ । पालिकागत २१ वटामा शुन्य र वडागत ११ वटा योजनामा शुन्य बजेट विनियोजन भएको छ ।
<table>
<tr><th>क्रसं</th><th>कार्यक्रमको नाम</th><th>रु२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या</th><th>रु५लाखभन्दा कमका योजना सङ्ख्या</th><th>कुल योजना सङ्ख्या</th></tr>
<tr><td>१</td><td>पालिकास्तरीय</td><td>१४</td><td>३६</td><td>५५</td><td>१०५</td></tr>
<tr><td>२</td><td>वडास्तरीय</td><td>१</td><td>२३</td><td>७६</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरी बजेट विनियोजन गरेको उल्लेखित २०५</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजना मध्ये १८३ योजनामात्र कार्यान्वयन भई २२ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। | |
| १५ | | | **योजना तथा वजेट कार्यान्वयन**<br>यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:<br><br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्ने आवधिक योजना तयार गरी लागू गरेको समेत छैन ।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१६ करोड ४ लाख ४० हजार भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ९ लाख ३३ हजार खर्च भएको छ भने, दोश्रो त्रैमासिकमा रु.३ करोड ७१ लाख ८२ हजार, तेस्रो त्रैमासिकमा रु.४ करोड ३ लाख ७७ हजार, चौथो त्रैमासिकमा रु७. करोड १९ लाख ४६ हजार र असार महिनामा मात्रै रु.५ करोड ५३ लाख २५ हजार (कुल पुँजीगत खर्चको ३४ प्रतिशत) भएको देखिन्छ । अत: वर्षान्तको खर्च उच्च रहेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यसवर्ष थपघट समेत पालिकाको निर्णयबाट रु.७ करोड १८ लाख ९० हजार ०४८ रकमान्तर गरेको छ । रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br><br>उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| १६ | | | **क्षेत्रगत बजेट तथा खर्च :-** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>क्षेत्र/उप क्षेत्र</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च (%)</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१,५४,००,०००००</td><td>१,३४,१८,०१०००</td><td>८७१३</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२२,५७,९३,९३५००</td><td>१९,६९,२०,३२९८७</td><td>८७२१</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>८,१८,५३,८४५००</td><td>७,७३,८२,९३६६६</td><td>९४५४</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१,३०,५९,०५०००</td><td>१,२४,२६,३४५८०</td><td>९५१६</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१२,५१,२३,९५०००</td><td>११,५८,६९,९७११२</td><td>९२६</td></tr>
</table>
पालिकाले यस आ.व.मा सामाजिक विकासमा सबैभन्दा धैरै विनियोजन तथा खर्च गरेको छ भने सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा कम विनियोजन तथा खर्च गरेको छ । पालिकावासीको जीवनस्तर उच्च बनाउने दैनिक जीवन यापन सहज तुल्याउने किसिमले आर्थिक विकास र पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>विवरण नपठाएको :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिकामा पठाएको छैन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,<br>• एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेस्की दिई काम गर्ने गराउने गरेको, समयमा पेस्की फर्स्यौट गर्ने नगरेको,<br>• भौतिक एवं वित्तीय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरिज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,<br>• उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,<br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,<br>• पालिकाले उद्‌देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,<br>• सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाढा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ,<br>• यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्यविवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा पालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,<br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,<br>• गोश्वारा भौचरमा चेक नं उल्लेख नभएकोः पालिकाबाट खर्च लेख्दा सम्वन्धीतलाई रकम भुक्तानी गर्दा गोश्वारा भौचरमा चेक नं प्रविष्ट भएको देखिएन। रितपूर्वकको खर्च व्यवस्थापन सम्वन्धमा लेख्ने सम्वन्धि पालिकाले ध्यान दिनुपर्दछ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,<br>• भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष भ्रमण खर्च शीर्षकबाट रु.१०,६०,३४० खर्च लेखेकोमा दैनिक भ्रमणको अभिलेख राखेको छैन । भ्रमण आदेश चलनी गरेको छैन भने भ्रमणको उद्देश्य समेत खाली राखी भ्रमण स्वीकृत गरेको, अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन समेत गरेको छैन,<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.१६ करोड ४ लाख ४० हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु.१ करोड ८ लाख ७ हजार पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनमा रु.२६ लाख ९९ हजार, अन्य कार्यालय सञ्चालन खर्चमा रु.१४ लाख ४७ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नपनाई खरिद कार्य गरेको छ,<br>• विभिन्न पत्रपत्रिकामा सूचना तथा विज्ञापन प्रकाशन गर्दा नियमानुसार पाउने २५ प्रतिशत छुट रकम नलिई बिल बमोजिम कै रकम भुक्तानी गरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,<br>• पालिकाभित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,<br>• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची-१४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १९ | | | **पेस्की बाँकी** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्यादभित्र फस्यौंट गर्नु गराउनु पेस्की लिनेदिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न | २१,५०३,१७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको मध्ये आ.व. २०७९।८० मा लेखापरीक्षण पूर्व नै फस्र्यौट भएका पेस्की घटाई निम्नानुसारको नियमानुसार फस्र्यौट गर्नुपर्ने रु. | |

आ.व. : २०७८/७९ महिना : सबै माथिल्लो बजेट उपशीर्षक : ईशनाथ नगर कार्यपालिका बजेट प्रकार : चालु

| क्र.सं | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेस्की रु |
|---|---|---|---|---|---|
| १ | २०७८/०६/१८ | ३८ | शैक्षिक संस्थाहरूलाई सहायता अनुदान | जनता मा बि डुमरिया | ३००,००० |
| २ | २०७८/०६/२४ | ५२ | गरिव तथा विपन्न परिवारकाे लागि ग्याँस र चुल्हो सेट वितरण गर्ने कार्य । | आरोही ट्रेडर्स एण्ड जेनरल औडर सप्लायर्स | १,५००,० |
| ३ | २०७८/०७/३० | ९७ | शैक्षिक संस्थाहरूलाई सहायता अनुदान | श्री जनता उ.मा.वि. औरैया | १५०,००० |
| ४ | २०७८/०८/१४ | १२२ | शैक्षिक संस्थाहरूलाई सहायता अनुदान | श्री जनता मा.वि.डुमरिया परोहा | १५०,००० |
| ५ | २०७८/०८/१४ | १२२ | शैक्षिक संस्थाहरूलाई सहायता अनुदान | श्री मा.वि. मठिया | १५०,००० |
| ६ | २०७८/०८/१४ | १२६ | भ्रमण खर्च | स्थानीय विकाश केन्द्र | ५००,००० |
| ७ | २०७८/०८/१९ | १२८ | शैक्षिक संस्थाहरूलाई सहायता अनुदान | श्री वि.पि.को.उ.मा.वि. जोकहा | १५०,००० |
| ८ | २०७८/०६/१७ | ३६ | कार्यक्रम खर्च | बिश्वनाथ राम | ५००,००० |
| १० | २०७८/११/२३ | १९१ | अन्य कार्यालय संचालन खर्च (न्यायिक समिति संचालन खर्च तथा सुरक्षा व्यवस्थापन समेत) | दिपु मेहता | ५००,००० |
| आ.व. : २०७८/७९ महिना : सबै माथिल्लो बजेट उपशीर्षक : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट प्रकार : चालु | | | | | |
| १२ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री अलहेरा उर्दु एकेडेमी मदरसा | ३८९,५८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री औसा सिद्धिका मोदर्सा प्रा.वि.पल्टुवा | १५३,५१० | |
| १४ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री क्रान्ति प्रा.वि जोकहा | १८४,४७० | |
| १५ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जनता उ.मा.वि. औरैया | ६१२,७५० | |
| १६ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जनता प्रा.वि.महुलिया | २०३,८२० | |
| १७ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जनता मा.वि.डुमरिया परोहा | ६४८,८७० | |
| १८ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जानकी समुदायिक प्रा.वि.औरैया | २२७,०४० | |
| १९ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जामिया महमदुल ओलुम लिलवनात मदर्सा | १८१,८९० | |
| २० | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री तालिम कुरान मदर्सा लौतना | १६२,५४० | |
| २१ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री नि.मा.वि. लक्ष्मीनिया जटहरा | ६३३,३९० | |
| २२ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री नि.मा.वि. वन्जरहा | ४४१,१८० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री प्रा.वि.मारवाडी टोल औरैया | १६८,९९० | |
| २४ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री प्रा.वि.मोतिगंज जोकहा | ४२०,५४० | |
| २५ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री महेन्द्र राय यादव प्रा.वि.लौतना | २५१,५५० | |
| २६ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री महाविर प्रा.वि.औरैया | १४०,६१० | |
| २७ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री मा.वि. मठिया | ८१७,८६० | |
| २८ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री रइस प्रा.वि.मनसरी | ३८१,८४० | |
| २९ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री वि.पि.को.उ.मा.वि. जोकहा | ४९६,६५० | |
| ३० | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री शंकर प्रा.वि.औरैया | १९९,९५० | |
| ३१ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री शंकर प्रा.वि.लक्ष्मीनिया जटहरा | ७२८,८५० | |
| ३२ | २०७८/१०/०९ | ४७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री हनुमान प्रा.वि. औरैया | २५९,२९० | |
| ३३ | २०७८/०६/०५ | ६ | किसान सूचीकरण कार्यक्रम | दिपेश रौनियार | ३००,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | २०७८/०६/०५ | ६ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | दिपेश रौनियार | ३९४,००० |
| ३५ | २०७८/०६/०५ | ६ | तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | दिपेश रौनियार | १,२००,००० |
| ३६ | २०७८/०६/०५ | ६ | आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | दिपेश रौनियार | १,२००,००० |
| ३७ | २०७८/०६/२३ | १५ | औलो तथा कालाजार माहामारी हुने क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत), किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया गर्ने | दिपक कुमार रौनियार | २००,००० |
| ३८ | २०७८/०९/२७ | ४५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | अनुज कुमार पाण्डेय | ४००,००० |
| ३९ | २०७८/०९/२७ | ४५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | अनुज कुमार पाण्डेय | १,२२४,००० |
| आ.व. : २०७८/७९ महिना : सबै माथिल्लो बजेट उपशीर्षक : ईशनाथ नगर कार्यपालिका बजेट प्रकार : पूंजीगत | | | | | |
| ४० | २०७८/०८/१० | ४२ | विभिन्न योजनाहरुको समपुरक कोष तथा बेरुजु दाखिला र गत वर्षको भूक्तानी बाकी रकम | सिनर्जी–राजदेवी भक्त जे.भी | २,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४२</td><td>२०७८/०६/२५</td><td>१७</td><td>विभिन्न योजनाहरुको समपुरक कोष तथा बेरुजु दाखिला र गत वर्षको भूक्तानी बाकी रकम</td><td>श्री मा.वि. मठिया</td><td>२००,०००</td></tr>
<tr><td>४३</td><td>२०७८/०६/०५</td><td>६</td><td>विभिन्न योजनाहरुको समपुरक कोष तथा बेरुजु दाखिला र गत वर्षको भूक्तानी बाकी रकम</td><td>दिपेश रौनियार</td><td>१,७८०,०००</td></tr>
<tr><td colspan="5">आ.व. : २०७८/७९ महिना : सबै माथिल्लो बजेट उपशीर्षक : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट प्रकार : पूंजीगत</td><td></td></tr>
<tr><td>४४</td><td>२०७९/०३/२२</td><td>२६</td><td>इशनथ महादेव मठमा धर्मशाला निर्माण</td><td>सिनर्जी–राजदेवी भक्त जे.भी</td><td>१,०००,०००</td></tr>
<tr><td colspan="5">कुल पेस्की रकम</td><td>२१,५०३,१७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । त्यस्तै जिन्सी श्रेस्ता व्यवस्थित गर्न मलेपफानं ४०१ देखी ४१८ सम्म फारामहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेकोमा पालिकाले PAMS को प्रयोगमा ल्याएको भएपनि शुरुदेखिको एकीकृत जिन्सी विवरण तयार गरेको छैन भने चालु आवको मात्र जिन्सी अभिलेख तयार गरेको देखिएकोले पालिका गठन हुन अगाडिदेखिको एकीकृत सम्पत्ति विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जिन्सी निरीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । | |
| २२ | | | **तलवी प्रतिवेदन :-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, शिक्षा र पालिकाका तर्फका समेत रु.९ करोड ७ लाख ८० हजार खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलव भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| २३ | | | **मर्मत अभिलेख नभएको :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम पालिकामा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत कार्यको भुक्तानी गर्दा मलेपफानं ४१५ तयार नगरी मर्मत आदेश, मर्मत अभिलेख तयार नगरी सवारी साधन शीर्षकबाट रु.११ लाख १३ हजार र मेशिनरी तथा औजार शीर्षकबाट रु.८ लाख १५ हजार खर्च लेखेको छ । साथै सवारी साधनको मर्मत कार्य गराँउदा सम्बन्धित फर्मलाई भुक्तानी नगरी सवारी प्रयोगकर्ता कर्मचारीहरुलाई र जनप्रतिनिधिलाई समेत भुक्तानी दिएको देखिन्छ प्रचलित नियमको पालना गरी मर्मत कार्य गराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| २४ | | | **डोर हाजिरी :-** पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता मलेपफानं१७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारमहरुको क-कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको, सम्बन्धित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखि माग फारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ । | |
| २५ | | | **आर्थिक सहायाता :-** कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखी कार्यक्रमले पुँजी निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पुँजीगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखी एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष रु.१ करोड १७ लाख ७० हजार विनियोजन गरेकोमा रु.२३ लाख ८७ हजार विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको देखिन्छ । यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको विकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ । | |
| २६ | | | **उपभोक्ता समितिवाट खरिद व्यवस्थापन :-** पालिकाले यस वर्ष अधिकांश कार्य उपभोक्ता समितिबाट गराएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्-<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यसवर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।<br>• उपभोक्ता समितिहरुबाट सम्पन्न भएका निर्माण कार्यहरूको पर्याप्त पुष्ट्याईं तथा विश्वसनीयताको लागि निर्माणकार्य पूर्व तथा निर्माण कार्य सम्पन्न भइसके पश्चातको तस्विरहरु अधिकांश योजनामा राखेको देखिएन । यसरी निर्माण कार्यको स्पष्ट प्रमाण राख्ने गरेको नदेखिएकोले सो सम्बन्धमा ध्यान दिई प्रमाण कागजात र अभिलेखीकरण व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।<br>• सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा श्रममूलक कार्य गराउनुपर्दछ । पालिकाले कृषि सडक निर्माण लगायतका कार्यहरुमा हेभी मेसिनको प्रयोग गराई कार्य गरेको छ । सार्बजनिक खरिद नियमाबलीको मर्म र भाबना अनुरुप स्थानीय स्तरमा रोजगारी सृजना गराई आयआर्जनमा बृद्दी गराउने लक्ष्य अनुरुपको कार्य भएको देखीएन साथै निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य हुने स्थानमा हेभी उपकरणको प्रयोग गर्नुपर्ने प्राबिधिक प्रतिबेदन संलग्न भएको पाइएन ।<br>• उपभोक्ता समितिहरुले पेश गरेको ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाइ संलग्न गर्दा परिमाण खुल्ने देखिंदैन। निर्माण सामग्रीहरूको खरिद सम्झौता अनुसार लाग्ने परिमाण सहितको आधिकारिक विल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष संचालन गरेका योजनाहरु उपभोक्तालाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको छलफल सहित अपनत्ब कायम हुने गरी सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ<br>• निर्माण कार्यको समय र गुणस्तर: - सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयावधी कायम गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंकृटिङ, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अवधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । फाउण्डेन देखि ढलानसम्मको कार्यको लागि उपभोक्ता समितिलाई सम्झौता गरी भुक्तानी दिएकोमा केही खरिद सम्झौता जेठ महिनामा भई असार महिनामा अधिकांश निर्माणकार्य सम्पन्न भएको देखिएको छ । यसरी गुणस्तरीय कामको आधार तय नगरी कार्यसम्पन्न प्रतिवेदन, नापी किताब लगायतमा मिति समेत उल्लेख नगरी कार्य गराएकोले रितपूर्बक कार्य भएको देखिएन।निर्माण गराएको नापी किताब सम्लग्न गरेकोमा गुणस्तर परीक्षण गरेको देखिएन । cement concreting लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी व्यवस्थित अनुगमन प्रतिवेदन समेत संलग्न गरेर मात्र निर्माण कार्य गराउनु पर्ने देखिन्छ ।<br>• खर्च अनुमोदन;- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकावाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।<br>• डोर हाजिरः पालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा विवरणहरु पूर्ण रुपमा भर्ने गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाइएन । महालेखापरिक्षणवाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।<br>• नापी किताब प्रविष्टी एवं अभिलेख:- निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कति भुक्तानी भए सो अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादीत नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।<br>• उपभोक्ता समितिहरुले बिल भरपाईहरु पेश गर्दा सेतो कागजी भरपाईमा रकम बुझाएको दस्तखत सहितको प्रमाण राख्ने गरेको, बिल भरपाईहरु जोड जम्मा गर्ने नगरेको, सामग्रीहरु कुन ठाउँबाट ढुवानी गरेको हो खुल्ने स्थिति नरहेको र फरफारक श्रेष्ता साथ संलग्न विवरण कुनैपनि फारमहरू भर्ने नगरेको देखियो। यस्तो प्रकारको श्रेस्ताहरु संलग्न गरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले खरिद नियम कानूनको परिपालना अनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।<br>• पालिकाले यसवर्ष उपभोक्ता समितिलाई गत विगत वर्षका केही योजनाहरूको रनिङ तथा यसवर्ष का धेरै योजनाहरुको वजेट नपुग भएको भनि आंशिक रुपमा पटकपटक भुक्तानी दिएकोमा योजनागत खाता राखेको देखिँदैन। यसरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजनागत खाता नराखी थप भुक्तानी गर्दा भुक्तानी दोहोरो हुनसक्ने लगायतका समस्याहरु देखिन सक्ने भएकोले स्पष्ट प्रमाण कागजात, योजनागत खाता तथा खर्चको आधार संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ। | |
| २७ | | | **स्थलगत अनुगमन तथा निरीक्षण :-** पालिकाले यसवर्ष अधिकांस कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपप्रमुखबाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण ब्यस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।<br><br>पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा केवल संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु भर्ने नगरेको , अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखीने त्रुटी सुधारको मार्गदर्शन , अनुगमन टिप्पणी, माइन्युट लगायको कुराहरु उल्लेख भएको देखिएन। साथै केही योजनाहरुमा अनुगमन प्रतिबेदन संलग्न नगरी समेत भुक्तानी दिएको देखियो । नियम कानुनअनुसारको रितपूर्बकको बिबरण नहुनुले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम संचालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तबिक उध्येश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन । तालिम तथा वितरणमुखी कार्यक्रमहरुमा पालिकावाट अनुगमन भएको देखिएन । भौतिक पुर्बाधार तर्फका योजनाहरुको मात्र केही सँख्यामा अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पूर्वाधारका योजना,तालिम कार्यक्रम , बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ । ऐन कानूनले व्यबस्था गरे अनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ । | |
| २८ | | | **योजनाहरुको सिफारिस र भुक्तानी प्रकृया :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(क) मा अध्यक्ष वा प्रमुखको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पालिका प्रमुखले योजना वनाउने अनुगमन गर्ने लगायतका १३ प्रकारका कार्यहरुको व्यवस्था रहेको छ । त्यसैगरी दफा ८४(२) मा प्रमुख प्रशासकीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकृतको काम कर्तव्य र अधिकारको व्यबस्था र ८४(२) को बुँदा नं ट मा प्रमुख प्रशासकीय अधिकृतकले सार्बजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने गराउने व्यवस्था छ । जसअनुसार योजना सम्झौता भुक्तानी सिफारिस प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्नेमा, नगरपालिका प्रमुखको तोकआदेशमा योजनाहरुको भुक्तानी हुने गरेको पाईयो । ऐन कानुनको परिधिभित्र रही काम कर्तव्य र अधिकारको व्याख्या अनुरुप कार्य गर्नु गराउनुपर्दछ । यसरी नगरप्रमुखवाटै अनुगमन भएको अनुगमन प्रतिबेदन संलग्न गरी नगरप्रमुखकै सिफारिसमा भुक्तानी भएको देखियो । ऐन कानुनको परिधिभित्र रही काम कर्तव्य र अधिकारको व्याख्या तथा कार्यविवरण अनुरुप कार्य गर्नु गराउनुपर्दछ । | |
| २९ | | | **कन्टेन्जेन्सी खर्चको अभिलेख :-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन ।<br>पालिकाले यस वर्ष कन्टेन्जेन्सी बापत खर्च रकमको ३ प्रतिशत गर्ने गरेको जनाएकोमा योजनागत रूपमा अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्वन्धमा यकिन गर्ने आधार भएन। खाजा खाना, कार्यालय समान , योजनाहरुको अपुग रकम भुक्तानी, भ्रमण खर्च, विभिन्न होटलहरुलाई भुक्तानी लगायतमा पालिकाले कन्टेन्जेन्सीवाट खर्च लेखेको देखियो । यसरी खर्च लेख्दा पर्याप्त आधारप्रमाण तथा खाजाखाना र होटल वापतको भुक्तानीमा केवल बिल र होटलको निवेदन मात्र संलग्न भएको समेत देखिन्छ। निर्देशिकाअनुसार पुँजीगत प्रकृतिका खर्चहरु कन्टेन्जेन्सी शीर्षकबाट लेखेको नदेखिएकोले नियम कानुनको परिपालना भएको देखिएन। नियम कानुनअनुसार खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>
अधुरो योजना कार्यान्वयन र सम्पन्न स्थिति :- पालिकाले गतविगतमा आंशिक कार्य भइ अधुरा रहेका योजनाहरुमा यसबर्ष न्युन बजेट विनियोजन गरी उपभोक्ता समितिमार्फत भौतिक संरचनाहरू निर्माण गर्दा समेत केही योजनाहरु मात्र पुरा भएका र अधिकांश योजनाहरु पुन: अधुरो हुनेगरी कार्य गरेको देखियो । गत विगतमा अधुरो रहेका उक्त योजनाहरुको अध्यावधिक नापी किताब लगायतका विवरणहरु संलग्न नगरी यस्ता योजनाहरु सञ्चालन गर्दा ओभरल्याप हुन सक्ने समस्या देखिन्छ भने गुणस्तरीयता समेत नहुन सक्ने देखिन्छ । पर्याप्त बजेट बिनियोजन नगरी कार्य गर्दा अधुरो योजनाहरुको निर्माण कार्य पुरा गर्न धैरै बर्ष लाग्ने तथा वार्षिक रूपमा बजेट विनियोजन को सुनिश्चितता समेत नहुने देखिन्छ । योजना छनौट गर्दा पर्याप्त बजेट तथा सम्पन्न हुने हिसाबले गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। गतविगतमा अधुरो रहेका र यसबर्ष बजेट बिनियोजन गरी खर्च गर्दा समेत पुन अधुरो नै हुन गएका केही योजनाहरु देहायअनुसार रहेका छन ।केही उदाहरणहरु
<table>
<tr><th>गोभान मिति</th><th>योजनाको नाम</th><th>वडा</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी रकम</th><th>नापी किताव अनुसारको कार्य</th></tr>
<tr><td>४७।०७८।८।१७</td><td>कृष्ण मन्दिरको अधुरो निर्माणकार्य</td><td>७</td><td>१०८०३८३</td><td>१०७७१५५</td><td>९६७१०२</td><td>माटो पुर्ने कार्य प्लास्टर तथा रङरोगन</td></tr>
<tr><td>६२।०७८।८।१७</td><td>छबिलाल को घर नजिक रहेको हनुमान मन्दिर पूरा गर्ने कार्य</td><td>३</td><td>३२३७४२</td><td>३२२८३०</td><td>२९६१७३</td><td>झ्यालढोका माटो पुर्ने ढलान त बस्ती कार्य</td></tr>
<tr><td>७२।०७८।१०।६</td><td>बिगु व्यासको घरनजिकको हनुमान मन्दिर को अधुरो निर्माणकार्य</td><td>१</td><td>२७०९०२</td><td>२७०७५२</td><td>२४२३६६</td><td>सोलिङ प्लाष्टर तथा रङरोगन</td></tr>
<tr><td>८४।०७८।१०।२५</td><td>इशनाथ मठको सटर पसल भवनको अधुरो निर्माणकार्य</td><td>३</td><td>७५४७०१</td><td>७५२९९०</td><td>६७७४६०</td><td>माटो पुर्ने सोलिङ ढलान रङरोग लगायतको कार्य</td></tr>
<tr><td>८५।०७८।१०।२५</td><td>अरैया बजार अगाडि अधुरो हनुमान मन्दिर निर्माण कार्य</td><td>३</td><td>३२३९७९</td><td>३२१९७९</td><td>२८९२०३</td><td>ढलान कार्य</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८८।०७८।११।२</td><td>पुस्तकालयको अधुरो भवन पूरा गर्ने कार्य</td><td>३</td><td>१०७८९५६</td><td>१०८८७८२</td><td>९६९७९३</td><td>गाह्रो रङरोगन लगायतका कार्यहरु</td></tr>
<tr><td>१४१।०७९।१।१५</td><td>पार्वती मन्दिरमा अधुरो निर्माणकार्य</td><td>६</td><td>३२३९९४</td><td>३२१५२७</td><td>२८८७८४</td><td>माटो पुर्ने रेलिङ , रङरोगन इलेक्ट्रीफिकेश को कार्य</td></tr>
<tr><td>१६६।०७९।३।१९</td><td>सूर्य मन्दिरको अधुरो निर्माणकार्य</td><td>३</td><td>६४७८२०</td><td>५११९७८</td><td>४७४१८५</td><td>सोलिङ ढलान रङरोगन को कार्य</td></tr>
<tr><td>१६८।०७९।३।१९</td><td>डुमरिया मावि अधुरो पूर्वाधार निर्माण कार्य</td><td>९</td><td>७५४६७८</td><td>७४९८६५</td><td>६७४६७०</td><td>सोलिङ ढलान प्लाष्टर र ग्रिलको कार्य</td></tr>
<tr><td>१८१।०७९।३।२६</td><td>सहिद राजकिशोर गेट निर्माणको अधुरो कार्य</td><td>३</td><td>४३२१६७</td><td>२६३६५१</td><td>२३६७०६</td><td>टायल प्लाप्टर रङरोगन लगायतको कार्य</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी कार्य सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व २०७८।०७९ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ विल मात्र भुत्तानी भए , अद्याबधिक कार्य कति छ सो को अभिलेख पालिकाले राखेको छैन । पालिकाले वडा भवन मर्मत, भवन निर्माण, सडक निर्माण , सिचाई लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक बर्षसम्म कुन अवस्थासम्म कार्य भयो सोको अभिलेख नराख्नाले आगामि बर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ।परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याबधिक राखी तथा यकिन गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>गत वर्षको भुक्तानी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

तर यस वर्षको बजेटमा भुक्तानी दिन वाँकीको विवरण भनि समाबेश गरी गत वर्षको योजनाहरुको तथा केही खरिदहरुको भुक्तानी दिन वाँकीको रहेकोले भुक्तानी गर्नुपर्ने भनी टिप्पणी संलग्न गरी रु ३६ लाख ९७ भुक्तानी दिएको छ। भुक्तानी ढिलो हुनुको कारणमा केही योजनाहरु आर्थिक बर्षको अन्त्यमा आएर सम्झौता गर्ने र न्युन समयावधीको सम्पन्न मिति राख्नाले सम्बन्धित आर्थिक बर्षमा भुक्तानी हुन नसकेको देखिन्छ ।यसो हुनाले आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समितिसंग न्यून समयावधिको सम्झौता गर्नाले हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने तथा आन्तरिक नियन्त्रण प्रभावकारी नभइ सार्वजनिक स्रोतसाधनको दुरुपयोग समेत हुन सक्ने देखिन्छ । साथै केही योजनाहरूको गत विगतमा रकम लिन छुट भएको टिप्पणी संलग्न गरी आंशिक रकम समेत भुक्तानी गरेको देखियो। यसरी योजनागत खाता नराखी भुक्तानी हुँदा दोहोरो भुक्तानी हुन सक्ने, बढी भुक्तानी हुनसक्ने देखिन्छ ।

स्पष्ट आधारप्रमाण नराखी, उपभोक्ता समितिको म्याद थपको प्रमाण नराखी केवल यस वर्षको बजेटमा भुक्तानी दिन वाँकीको विबरण संलग्न गरी यस आर्थिक बर्षमा भुक्तानी गरेको नियमसम्मत देखिदैन।सम्झौता अनुसार समयमा नै कार्यसम्पन्न गराइ भुक्तानी दिने ब्यवस्था गर्नुपर्दछ ।

| भौ. नं.। मिति | योजनाको नाम | वडा नं. | लागत अनुमान रु | कार्य सम्पन्न प्रतिवेदन रु | यसवर्षभुक्तानी रकम रु | सम्झौता मिति | सम्पन्न मिति |
|---|---|---|---|---|---|---|---|
| ४१।०७८।८।९ | नारायण शाह घरदेखि विद्यालयसम्म ढलान | ५ | ९७११३९ | ९७०७६५ | ४९९६५३ | २०७८।२।१ | २०७८।३। |
| ८९।०७८।११।२ | सूर्य मन्दिरको अधुरो निर्माणकार्य | ३ | ४३१२१२१ | ३८८०००० | ४२३८५५ | ०७८।१।१७ | ०७८।२।१ |
| १००।०७८।११।१८ | औरिया गेटको निर्माणको रकम भुक्तानी | ४ | ४८४७९६ | ४४६११४ | १४६११४ | २०७७।६।१६ | २०७७।७। |
| २०१।०७९।३।२५ | चन्द्रेश्वर र बृजकिशोर को घर नजिक सडक ढलान ठेक्काको भुक्तानी | | | | ७१५९७ | टिप्पणी मात्र संलग्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०३।०७९।३।२५ | टोकारी देखी मोतिपुर सम्म माटो पुरी ग्राभेल कार्य | ४ | ३७१०५४१ | ३६९२१४४ | ९३८३२३ | नखुलेको | नखुलेको | |
| २१५।०७९।३।२५ | न्यू इलेक्ट्रिक प्लाजालाई भुक्तानी | | | | २८२१५२ | गतवर्षको विल संलग गरी भुक्तानी | | |
| २१६।०७९।३।२५ | सेक्युरिटी विल्डर्स लाई मेसिनरी औजार वापतको भुक्तानी | | | | ९४३२९९ | गतवर्षको न्युन भुक्तानी देखाउने विल संलग्न | | |
| २१७।०७९।३।२५ | सेक्युरिटी विल्डर्सलाई भुक्तानी | | | | ७५७१० | गतवर्षको विल संलग गरी भुक्तानी | | |
| ससर्त पुजिगत १५।०७८।११।१९ | डुमरीया देखी लक्ष्मिनिया सडक कालोपत्रे | | | | ३१६४५७ | गतवर्षको विल संलग गरी भुक्तानी | | |
| | | | | | ३६९७१६० | | | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **नापी अनुसार लाग्ने बिल भरपाइको यकिनको स्थिति :-** उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको बिल भरपाई लागत अनुमान तथा नम्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको ) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । गिटी तथा वालुवाको कागजी भरपाई संलग्न गरी पेश गरेकोमा कति परिमाण उपभोक्ता समितिवाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्तावाट पेश भएका बिल भरपाई हरूको कार्यालयबाट नम्स अनुसार को गणना तथा परीक्षण भएको देखिएन । योजनाहरूको गुणस्तर परीक्षण समेत नगरीएको तथा वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन । प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल भरपाई संलग्न गराई वास्तविक खर्च यकिन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>माटो पुर्ने कार्य :- पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा यस वर्ष अधिकांश माटो तथा ग्राभेलको कार्य गराएको छ। यसरी कार्य गराउँदा माटो ढुवानी र सम्याउने बापतको दर समेत दर विश्लेषणमा संलग्न गरी भुक्तानी गरेको देखियो। माटो पुर्ने कार्यहरूको पर्याप्त तस्वीरहरु समेत संलग्न नगरी केवल कागजी भरपाईको आधारमा खरिद परिमाण समेत नखुलाई पेश गरिएको विल भरपाई तथा नापी अनुसार रकम भुक्तानी गरिएको छ। निर्माण कार्यमा माटो प्रयोग भएको स्पष्ट प्रमाण कागजात, तस्विर तथा पुष्ट्याईंहरु संलग्न गरेर मात्र कार्य गर्नुपर्ने देखिन्छ। पूर्वाधार निर्माण तर्फ कार्य गर्दा कच्ची कार्य भन्दा पक्की प्रकृतिको संरचनाहरु वनाउनुपर्ने देखिएको छ । नमूना छनौट गरी परिक्षण गर्दा यसवर्ष माटो पुर्ने कार्यको लागि प्रतिघनमिटर २९९ कायम गरी भएका भुक्तानीहरु देहाय अनुसार रहेका छन्
<table>
<tr><th>गो.भौ न</th><th>योजनाको नाम</th><th>वडा</th><th>परिमाण</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>१५।०७८।६।२२</td><td>जोकाहा कब्रस्थानमा माटो पुर्ने कार्य</td><td>६</td><td>२१६०</td><td>६४५८४०</td></tr>
<tr><td>२८।०७८।७।१६</td><td>सानो घिउरामा मेनरोड देखि ओमप्रकाश को घर सम्मको माटो पुर्ने कार्य</td><td>७</td><td>५१९</td><td>१५५१८१</td></tr>
<tr><td>४९।०७८।८।१७</td><td>मठिया रोड हुँदै लतमरी सडकमा माटो पुरी ग्राभेल कार्य</td><td>४</td><td>२६०</td><td>७७७४०</td></tr>
<tr><td>५१।०७८।८।१७</td><td>मकसुदको घरदेखि माटो ग्राभेल कार्य</td><td>४</td><td>१३६</td><td>४०६६४</td></tr>
<tr><td>९६।०७८।११।१८</td><td>जयनगर टोलमा माटो ग्राभेल कार्य</td><td>६</td><td>२७५</td><td>८२२२५</td></tr>
<tr><td>१०८।०७८।१२।२१</td><td>मनसरी टोलमा शिवमन्दिरमा माटो पुर्ने कार्य</td><td>८</td><td>१६७२</td><td>४९९९२८</td></tr>
<tr><td>१३३।०७९।१।५</td><td>जोकाहा टोलमा सडक मर्मत र ग्राभेल तथा माटो पुर्ने कार्य</td><td>६</td><td>३३६</td><td>१००४६४</td></tr>
<tr><td>१६१।०७९।३।१७</td><td>आश्रयस्थलमा माटो पुर्ने कार्य</td><td>१</td><td>८०५</td><td>२४०६९५</td></tr>
<tr><td>१६७।०७९।३।२९</td><td>खयरु रामको घरदेखि पुलसम्म माटो ग्रावेल</td><td>३</td><td>१७९८</td><td>५३७६०२</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १७०।०७९।३।१९ | सुदिश राउतको घरदेखि ग्राभेल कार्य | ३ | ४९४ | १४७७०६ |
| | | | | २५२८०४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **बिनियोजित नभएको योजनामा खर्च :-** स्थानीय सरकार संचालन ऐन २०७४को दफा ३अनुसार कार्यपालिकाले नगरसभा वाट स्वीकृति सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न पाउने व्यवस्था रहेको छ। नगरपालिकाले निम्नानुसारको योजना अन्तर्गत खर्च लेख्दा विनियोजित शिर्षकबाट सम्बन्धित कार्यको लागी खर्च लेख्नुपर्नेमा शिर्षक फरक पारी विनियोजित बजेटभन्दा बाहिर गई खर्च लेखेको पाइयो । यसरी स्वीकृत नभएको बजेट तथा कार्यक्रम सञ्चालन गरी खर्च लेखेको नियमसम्मत देखिएन ।नियम कानुनअनुसार बजेट तथा योजना निर्माणमा ध्यान दिई नगरपालिकाले कार्य गर्नुपर्ने देखिएको रु | ८,१३९,५१६ |

| भौ न | बिनियोजित बजेटको शिर्षक | खर्च प्रयोजन | रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|
| ३।०७८।६।२ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | यस वर्षको सुचना तथा प्रकाशन | ४६४२६० | विभिन्न ४ मिडिया हाउर |
| ६।०७८।६।५ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | यस वर्षको कार्यक्रम संचालन पेश्की | १७५०००० | दिपेश रौनियार |
| ९।०७८।६।१७ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | यस वर्षको सुचना तथा प्रकाशन | ५८३०८० | विभिन्न ४ मिडिया हाउर |
| १२।०७८।६।१८ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | फर्निचर तथा फिक्सचर्स | २२६९०२२ | न्यु इलेक्ट्रिक प्लाजा |
| २१।०७८।७।१५ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | यस वर्षको सुचना तथा प्रकाशन | २६४४२० | रौतहट एड्भरटाइजिङ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २२।०७८।६।१६ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | विद्‍युतिय सामाग्रीहरु | ३४९६४० | उमंग टेडर्स | |
| २३।०७८।७।१६ | विभिन्न योजनाहरुको समपुरक कोष तथा वेरुजु दाखिला र गतवर्षको भुक्तानी वाँकी | इलेक्ट्रिक सामाग्री खरिद | ३५६०० | श्री राम इलेक्ट्रोनिक सप्लायर्स | |
| ३५।०७८।८।२२ | नगरभरी पोल तथा वत्ति तथा विद्युत सामाग्री | गत वर्षको भुक्तानी | १९९६८ | श्री राम इलेक्ट्रोनिक सप्लायर्स | |
| ३६।०७८।८।२ | मेसिनरी औजार | गत वर्षको भुक्तानी | ११५४१७९ | उमंग टेडर्स | |
| ३७।०७८।८।२ | मेसिनरी औजार | गत वर्षको भुक्तानी | ११६०६५ | गुप्ता जेनेरल स्टोर एण्ड सप्लायर्स | |
| १६९।०७९।३।१९ | रोशन झाको घरदेखी सरोज झाको घरसम्म सडक ढलान ३ | सडक ग्राभेल वडा न ३ | १९३०८१ | उपभोक्ता समिति | |
| १९९।०७९।३।२५ | मसर देखी जटहरा जाने वाटो ग्राभेल | वडा न ५ जटहरा टोलमा पिसिसि ढलान | ९४०२०१ | अंसारी कन्सट्रक्सन | |
| | | | ८१३९५१६ | | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **फरक नम्सको प्रयोग** | |
| ३६.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम रु १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । साथै खरिद ऐनको दफा ५ वमोजिम निर्माण कार्यको तोकिए वमोजिम लागत अनुमान वनाउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष अधिकांश कार्य अन्तर्गत सडक निर्माण गरेको छ । पालिकाले आफ्नै नम्स नभएको अवस्थामा सम्बन्धित कार्यको लागी वैज्ञानिक, गुणस्तरीय र किफायति नम्स प्रयोग गर्नुपर्दछ । पालिकाले सडक निर्माण कार्यको लागि सडक विभागको नभई स्थानिय पुर्वाधार विकास विभागको नम्स प्रयोग गरी सोही अनुसार लागत अनुमान तयार गरि उपभोक्ता समितिसंग खरिद सम्झौता गरी सोहि | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वमोजिम भुक्तानी गरेको देखियो । सडक विभागको स्विकृत नर्म्सको प्रयोग नगरी सडक निर्माण कार्यमा स्थानिय पुर्वाधार विकास बिभागको नर्म्स प्रयोग गर्दा व्ययभार परेको छ ।</td><td></td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>सम्बन्धित कार्य (सडक निर्माण)मा सडक विभागको नर्म्स प्रयोग नगरी अर्को नर्म्स( स्थानिय पुर्वाधार विकास विभागको नर्म्स) प्रयोग गरि दर विश्लेशण गरी दररेट निर्धारण गरेको र सोही वमोजिम भुक्तानी गरेको पालिकालाइ व्ययभार पर्न गएको छ । नमूना छनौट गरी परीक्षण गर्दा सडक विभागको नर्म्स प्रयोग गर्दा (पालिकाले ढुवानी दुरी समेत समावेश गरी निर्धारण गरेको दररेटलाइ नै आधार लिंदा समेत) ढलान कार्य pcc1:2:4 को लागि रु १०५७९ र फर्मा pcc1:2:4 को ४% ले रु ४२३ कायम हुनुपर्नेमा डोलिडारको नर्म्स प्रयोग गर्दा वढि व्ययभार पर्न गएको छ । स्थानिय श्रोत साधनको उपलब्धतालाई समेत विचार गरी किफायति नर्म्स प्रयोग गरी निर्माण कार्य गराउनुपर्नेमा फरक नर्म्स प्रयोग गरेको तथा निर्माण कार्यको strength test समेत नगरेको अवस्थमा पालिकालाइ वढी व्ययभार पर्न गएको अनियमित देखिएको रु (बिस्तृत विवरण अनुसूची खण्ड १ मा समावेश छ)</td><td>४,०७८,६६२</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर रकम कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता गर्दा निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु छड र सिमेन्टमा मूल्य वृद्धि कर जोडी लागत अनुमान तथा दररेट निर्धारण तयार गरी सम्झौता गरेको छ । नमूना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समितिहरुले कार्य सम्पन्न पश्चात योजना फरफारक को लागि पेश गरेको विल भरपाई अनुसार लागत अनुमान अनुसार लाग्नेभन्दा घटिको मूल्यअभिवृद्धि कर भुक्तानी गरेको बिल पेश गरेता पनि लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर रकम भुक्तानी दिएको देखियो । तसर्थ उपभोक्ताले वास्तविक रूपमा तिरेको भन्दा बढी मूल्य अभिवृद्धि कर भुक्तानी भएको देखिएकोले सो रकम असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ न/मिति</th><th>योजनाको नाम</th><th>वडा</th><th>आइटम</th><th>परिमाण (घनमिटर)</th><th>प्रयोग भएको नर्म्स अनुसार</th><th>लागत अनुमानमा</th><th>श्रेस्तासाथ संलग्न</th><th>असुल गर्नुपर्ने मु.</th></tr>
</table>
</td><td>१८२,७८८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | लाग्ने सिमेन्ट | समाबेश मु. अ . कर रकम रु | मुअकर विल रु | अ . कर रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १४।०७८।६।२२ | लक्ष्मिनियां जाने सडकदेखि खलिलको घरसम्म ढलान | ९ | पीसीसी १:२:४ | ३९ | २५२ | २८७०५ | २२७७६ | ५९२९ |
| २६।०७८।७।१७ | हरिश्चन्द्र बैठकको घरदेखि मनोज महत्वको घरसम्म ढलान | ९ | पीसीसी १:२:४ | २८ | १८२ | २०७३३ | १५६९० | ५०४३ |
| २७।०७८।७।१७ | वन्जराहमा सडक ढलान कार्य | १ | पीसीसी १:२:४ | ६८ | ४३६ | ४९५८४ | ३६५६९ | १३०१५ |
| ३८।०७८।८।५ | वडा कार्यालय देखि मेनरोड सम्म सडक ढलान | ९ | पीसीसी १:२:४ | २५ | १५९ | १८१३४ | १४३९१ | ३७४३ |
| ३९।०७८।८।५ | ब्रह्म बाबाको परिसरमा सडक ढलान कार्य | २ | पीसीसी १:२:४ | ६७ | ४३० | ४८९०० | ३८६७१ | १०२२९ |
| ४१।०७८।८।९ | नारायण शाहको घरदेखि विद्यालयसम्म सडक ढलान | ५ | पीसीसी १:२:४ | ६४ | ४१० | ४६६२१ | ३४०९३ | १२५२८ |
| ४८।०७८।८।१७ | रहमानको घरदेखि मोहन मिश्रको घरसम्म सडक ढलान | ८ | पीसीसी १:२:४ | ७९ | ५०५ | ५७४८३ | ५०७०० | ६७८३ |
| ५६।०७८।८।२३ | एजाजुलको घरदेखि गगन देवको घरसम्म सडक ढलान | ४ | पीसीसी १:२:४ | २८ | १८१ | २०६३९ | १७०८२ | ३५५७ |
| ६१।०७८।९।२७ | राजेन्द्र साह तेली को घरदेखि रमाकान्तको जग्गा सम्म सडक ढलान | ३ | पीसीसी १:२:४ | २७ | १७५ | १९९४७ | १६२२८ | ३७१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७३।०७८।१०।६ | दानी सिंहको घरदेखि गरिब महतको घरसम्म सडक ढलान | ३ | पीसीसी १:२:४ | १९ | १२० | १३७०१ | १०७४६ | २९५५ | |
| ७४।०७८।१०।६ | लालबाबु राउतको घरदेखि बुढा राउतको घरसम्म नाला निर्माण | ३ | पीसीसी १:२:४ | ३२ | २०७ | २३५१४ | २०९५६ | २५५८ | |
| ९१।०७८।११।५ | जोकाहा टोलको विभिन्न गल्लीमा सडक ढलान | ७ | पीसीसी १:२:४ | ६७ | ४२७ | ४८५७९ | ३६४२४ | १२१५५ | |
| ९४।०७८।११।१८ | जयनगर टोलमा इनार देखि रामाशीष ठाकुर र अयोध्या लालको घरसम्म सडक ढलान | ६ | पीसीसी १:२:४ | ३५ | २२२ | २५२६९ | २१३८८ | ३८८१ | |
| ९५।०७८।११।१८ | घिउरा टोलमा विरलालको घरदेखि सडक ढलान | ६ | पीसीसी १:२:४ | २६ | १६५ | १८७६१ | १६३७६ | २३८५ | |
| १०९।०७८।१२।२१ | तेजनारायण मास्टरको घरदेखि सडक ढलान | १ | पीसीसी १:२:४ | २९ | १८५ | २१०६८ | १५८६५ | ५२०३ | |
| १११।०७८।१२।२१ | लौतना सियारमको घरदेखी सडक ढलान | ९ | पीसीसी १:२:४ | ३० | १९२ | २१८४० | १७९१० | ३९३० | |
| ११९।०७८।१२।२१ | वडा कार्यालयदेखि जगको जकाउको घर सम्म सडक ढलान | ४ | पीसीसी १:२:४ | ९१ | ५८६ | ६६६०५ | ४९२६३ | १७३४२ | |
| १२२।०७८।१२।२१ | मेनरोड देखि दिलिप मेहताको घर सम्म सडक ढलान | ९ | पीसीसी १:२:४ | ४२ | २६६ | ३०२८५ | २२१६५ | ८१२० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२९।०७९।१।१५ | कपिलदेव शाहको घरदेखि रामनगर जाने बाटोसम्म सडक ढलान | ४ | पीसीसी १:२:४ | ८५ | ५४२ | ६१६४० | ४५४६४ | १६१७६ |
| १३६।०७९।१।५ | पटुवा जनगाहमा सडक ढलान | ६ | पीसीसी १:२:४ | ७० | ४४९ | ५१०४० | ३६५१७ | १४५२३ |
| १३९।०७९।१।१५ | मूल सडकदेखि बुधु मियाँको घरसम्म ढलान | २ | पीसीसी १:२:४ | २६ | १६९ | १९२१२ | १४५१४ | ४६९८ |
| १४६।०७९।१।२० | मितन पण्डितको जग्गा देखि बिरबलको घरसम्म सडक ढलान | १ | पीसीसी १:२:४ | ६१ | ३८९ | ४४२४१ | ३१२१५ | १३०२६ |
| १६३।०७९।३।१७ | बैजु शाह घरदेखि जोगिन्द्र शाह घरसम्म सडक ढलान | १ | पीसीसी १:२:४ | ४१ | २६३ | २९८९९ | २४५०४ | ५३९५ |
| १७४।०७९।३।१७ | चन्द्रेश्वर र बृजकिशोर को घर नजिकको बाटो ढलान | २ | पीसीसी १:२:४ | २३ | १४९ | १६९७७ | १४५१४ | २४६३ |
| १८४।०७९।३।२३ | बैठा टोलमा सडक ढलान कार्य | ५ | पीसीसी १:२:४ | २६ | १६८ | १९१५४ | १५७२२ | ३४३२ |
| | | | | | | | | १८२७८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **आनुपातिक कट्टी :-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको योजनाहरुको लागत अनुमान अनुसार उपभोक्ताको योगदान | ५३६,२६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र पालिकाबाट भुक्तानीको अंश समाबेश गरी सम्झौता गरेकोमा सम्झौता अनुसारको न्युन कार्यसम्पादन भएको अबस्थामा आनुपातिक कट्टी घटी गरेको देखियो । तसर्थ नियमानुसार कट्टी रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | |

| गो.भौ.न/ मिति | योजनाको नाम | बडा न | लागत अनुमान रु | नपा अनुदान रु | कार्यसम्पन्न रकम रु | भुक्तानी हुनुपर्ने रकम रु | भुक्तानी भएको रकम रु | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|---|
| १३।०७८।६।२२ | लक्ष्मिनिया जानेबाटो देखि शिवनाथ रायको घरसम्म माटो ग्राभेल | ९ | ३४२५८६ | २९७००० | ३२४०७४ | २८०९५१ | २८९७८९ | ८८३८ |
| १४।०७८।६।२२ | लक्ष्मिनिया जाने बाटो देखि खलिलको घरसम्म ढलान | ९ | ५९३०७३ | ५३३५०० | ५९२७६६ | ५३३२२४ | ५४९७१५ | १६४९१ |
| १५।०७८।६।२२ | जोकाहा कब्रस्थानमा माटो पुर्ने कार्य | ६ | ६०८८९५ | ४८५००० | ६०४२७५ | ४८१३२० | ४९६२०६ | १४८८६ |
| ३८।०७८।८।५ | वडा कार्यालय देखि मेन रोड सम्म ढलान | ९ | ५३८९८५ | ४८५००० | ५२२१०१ | ४६९८०७ | ४८४३४४ | १४५३७ |
| ४१।०७८।८।९ | नारायण शाह घरदेखि सडक ढलान | ५ | ९७११३९ | ८७३००० | ९७०७३५ | ८७२६३७ | ८९९६५३ | २७०१६ |
| ४९।०७८।८।१६ | मठिया रोड हुँदै लतमरि जाने बाटोमा माटो ग्राभेल | ४ | ४५६९६१ | ३८८००० | ४५३७३९ | ३८५२६४ | ३९७१८० | ११९१६ |
| ५१।०७८।८।१६ | मकसूद को घरदेखि गरी महरको घरसम्म ग्राभेल | ४ | २२८६१५ | १९४००० | २२५८३४ | १९१६४० | १९७५६६ | ५९२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६२।०७८।१०।२ | छबिलाल को घर नजिक हनुमान मन्दिर पूरा गर्ने कार्य | ३ | ३२३७४२ | २९१००० | ३२२८३० | २९०१८० | २९६१७६ | ५९९६ | | |
| | | | ७५।०७८।१०।६ | खानेपानी चापाकल जडान | १ | १०९३४२५ | ९७०००० | १०९१४२५ | ९६८२२६ | ९९५१७६ | २६९५० | | |
| | | | ८९।०७८।११।२ | सूर्य मन्दिरको अधुरो निर्माणकार्य | ३ | ४३१२१२१ | ३८८०००० | ४२३००३४ | ३८०६१३९ | ३९२३८५५ | ११७७१६ | | |
| | | | ९२।०७८।११।१६ | स्वच्छ खानेपानीको लागि नगर भरी डीप कल जडान | ९ | ३६७१६८२ | ३२९८००० | ३५८७८६१ | ३२२२७१० | ३३७४०७८ | १५१३६८ | | |
| | | | १३०।०७९।१।५ | जयनगर टोलमा इनार देखि अयोध्या लालको घरसम्म ढलान | ६ | ५३९०९० | ४८५००० | ५३८६८१ | ४८४६३२ | ४९९६२० | १४९८८ | | |
| | | | १५३।०७९।१।२५ | डिप कल जडान तथा नाला निर्माण | ७ | १०८२१२० | ९७०००० | १०७६४१८ | ९६४८८९ | ९७४८८९ | १०००० | | |
| | | | १६६।०७९।३।१९ | सूर्य मन्दिरको अधुरो निर्माणकार्य | १ | ६४७८२० | ५८२००० | ५११९७६ | ४५९९५८ | ४७४१८५ | १४२२७ | | |
| | | | १७४।०७९।३।२० | चन्द्रेश्वर र बृजकिशोर को घर नजिक बाटो ढलान | २ | ६४६७२७ | ५८२००० | ४०३४९१ | ३६३१०८ | ३६४२०१ | १०९३ | | |
| | | | १७९।०७९।३।२० | लकतना चौरमा मेनरोड देखि भकुवा नदीसम्म ढलान | ९ | २१५७१८ | १९४००० | २१३८३९ | १९२३१० | १९८२५८ | ५९४८ | | |
| | | | १८०।०७९।३।२३ | लतमरी बोर्डर मा मुस्ताकराजा गेट निर्माण कार्य | ४ | ५४१३६४ | ४८५००० | ४७७०६९ | ४२७३९९ | ४४०६१७ | १३२१८ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९०।०७९।३।२४ | मठियाको मोक्तम मन्दिर सौन्दर्यीकरण कार्य | ४ | २१५७८४ | १९४००० | २१५३५७ | १९३६१६ | १९९७०३ | ६०८७ | |
| १९४।०७९।३।२५ | सानो घिउरामा मन्दिर निर्माण | ७ | ११०२६३८ | ९७०००० | ९०१४८२ | ७९३०४१ | ८१७५६९ | २४५२८ | |
| २०८।०७९।३।२५ | पासवान टोलमा पानी निकासको लागि पाइप जडान | ९ | २१६५७५ | १९४००० | २००४७९ | १७९५८२ | १८५१३४ | ५५५२ | |
| २१८।०७९।३।२५ | बेनुलिया टोलको दुर्गा मन्दिर निर्माण | ९ | १४०१५११ | १२६१००० | १४०१०८४ | १२६०६१६ | १२९९६०४ | ३८९८८ | |
| | | | १९७५०५७१ | १७६११५०० | १८८६५५५० | १६८२१२४९ | १७३५७५१८ | ५३६२६९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **लागत अनुमान तथा दर बिष्लेषण** | |
| ३९.१ | | | सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले यस सम्बन्धमा प्राविधिक शाखासंग छलफल गर्दा स्थानिय पुर्वाधार विकास विभागको नर्म्स प्रयोग गर्ने गरेको जनाएको छ । केही योजनाहरुमा एक भन्दा बढी निकायको नर्म्स संलग्न गरी लागत अनुमान तयार गरेको देखियो । सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नर्म्स प्रयोग तथा स्थानिय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेशण किफायति नर्म्सको प्रयोग गर्नुपर्दछ । | |
| ३९.२ | | | पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ढुवानी भाडा (lead distance) समेत संलग्न गरी दररेट कायम गरेकोमा निर्माण सामग्री उपलब्ध भएको स्थानबाट कार्यस्थल सम्म दुरी कति पर्ने हो, सो सम्बन्धी विवरण खुलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राखेको देखिएन। ढुवानी बापतको रकम दररेटमा संलग्न गर्नै पर्ने अवस्थामा वास्तविक दुरी यकिन गरेर मात्र गर्नुपर्ने देखिन्छ।<br><br>पालिकाले दररेट विश्लेषण गर्दा ग्राभेल कार्यको लागी ३५ किलोमिटर को दूरीबाट सामग्री ढुवानी दुरी कायम गरी कच्ची,ग्राभेल, पक्की सडक अनुसारको विश्लेशण नगरी average speed 15 km निर्धारण गरी डोलिडार को ढुवानी नम्स अनुसार निर्माण सामाग्री(गिटी,वालुवा तथा ग्राभेल) को प्रतिघनमिटर रु २७४४ को दरले लागत अनुमान तयार गरेको छ । यससम्बन्धमा पालिकाले यकिन गरी वास्तविक दुरी कति पर्ने हो सो निर्धारण गर्नुपर्ने देखिन्छ । | |
| ४० | | | **लागत सहभागिता नभएको :-** तराई मधेश समृद्ध कार्यक्रम निर्देशिका २०७७को परिच्छेद २ बुँदा नं ५ मा लागत साझेदारी सम्बन्धी व्यवस्था रहेको छ। सोअनुसार आयोजना कार्यक्रम गर्नको लागि कार्यक्रमको तर्फबाट अधिकतम ९०% र स्थानीय तहबाट न्युनतम १०% लागत सहभागिता रहने उल्लेख छ।पालिकाले यस बर्ष तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत निम्नानुसारको तराई मधेश समृद्दी शीर्षकबाट निम्नानुसारको कार्यहरु गरेकोमा सम्पूर्ण रकम कार्यक्रमको तर्फबाट मात्रै व्यहोरेको देखियो । तसर्थ पालिकाको लागत साझेदारीवापत हुन आउने रकम नेपाल सरकार संघीय कोषमा दाखिला हुनुपर्ने देखिएको रु | ४३३,९१३ |

| भौ न मिति | योजनाको नाम | वडा | लागत अनुमान | कार्यसम्पन्न रकम रु | भुक्तानी रकम रु | लागत सहभागित रकम |
|---|---|---|---|---|---|---|
| २०।०७९।३।१७ | वडा न ९ मा कृषि नाला निर्माण | ९ | २४९९६६४ | २४६४९०२ | २१५७४८२ | २१५७४८ |
| २९।०७९।३।१८ | डुमरीया सडकमा पिसिसि ढलान कार्य | ९ | २४९९१६२ | २४५९८९६ | २१८१६४९ | २१८१६५ |
| | | | | | | ४३३९१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **टावर लाइट व्यवस्थापन :-** नगरपालिकाले नगर क्षेत्रभित्र रहेको विभिन्न स्थानमा सडकबत्ती राख्ने कार्यको लागि रु ३१५०००० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट रिन्युएवल इनर्जी कम्पनी लिमिटेड किर्तिपुरको रु २८४७९९९ को वोलपत्र छनौट गरी खरिद कार्य गरेको छ सो अन्तर्गत देखिएका व्यवहोरहरू निम्नानुसार रहेका छन्:- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा नियमावलीको नियम ९ को आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले पालिका क्षेत्रभित्र टावरलाईट व्यवस्थापन कार्यको लागि रु ३१५०००० को कुल लागत अनुमान तयार गरेको छ। परामर्शदाता च्वाइस इन्फोटेकमार्फत लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार संलग्न गरिएको छैन।<br>• खरिद कार्यको लागी बोलपत्र मूल्यांकन समितिको मिति २०७८।१२।१६ को निर्णय अनुसार निर्माण व्यवसायी रिन्युएवल इनर्जि कम्पनी लिमिटेडको रु २८४७९९९ को वोलपत्र ( लागत अनुमानको तुलनामा ९.५९ प्रतिशत घटीको बोलपत्र स्वीकृत भएको देखियो । कार्यालयको वेबसाईट लगायतमा सूचना प्रकाशन गरी सूचनाको सहज पहुँच उपलब्ध गराई प्रतिस्पर्धात्मक पद्धतिबाट खरिद गर्नुपर्ने देखियो ।<br>• सामग्रीहरुको आपूर्ति तथा जडान पश्चात परामर्शदाताले तयार गरेको स्पेशिफिकेशन अनुसार गुणस्तर परीक्षण गरेको नदेखिएको तथा खरिद कार्यको वीमा समेत गरेको देखिएन । सार्वजनिक खरिद नियम तथा कानूनमा व्यवस्था भएबमोजिम खरिद व्यवस्थापन गर्नुपर्ने देखिन्छ। | |
| ४२ | | | **वडा न ३ मा धर्मशाला निर्माण कार्य :-** पालिकाले यस कार्यको लागि सिनर्जि राजदेवी भक्त जेभीसंग मिति २०७८।७।१० मा रकम रु २९७३८८६० मा मिति २०७९।८।३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा यस आर्थिक वर्षमा मोविलाइजेश पेश्की बापत रु.३०,००,००० तथा प्रथम रनिङ बिल भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्;-<br><br>• न्युन प्रगति- सम्झौता मिति अनुसार २०७९।८।३० सम्म निर्माणकार्य सम्पन्न गर्नुपर्नेमा यस आर्थिक वर्षको अन्तसम्म प्रथम रनिङ विल बापत् रु ४९९७९५० को कार्य मूल्यांकन संलग्न गरी रु.२,७५,७८० भुक्तानी भएको छ। बजेट अभावको कारण रनिङ विल अनुसार रकम भुक्तानी गर्न नसकेको पालिकाले जनाएको छ । निर्माण व्यवसायीले वर्क सेडुल पेश गरेको देखिएकोले पेश गर्न लगाई तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गराउनुपर्ने तर्फ तह ध्यान दिनुपर्दछ।<br>• निर्माण कार्यको बिमाः सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मिति सम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यस खरिद सम्झौतामा निर्माण कार्यको बिमा गराउने प्रावधान नै नराखेकोले बीमा नगराएको जनाएको छ । यसरी विमाको प्रावधान नराखी सम्झौता गरेको नियमसम्मत देखिएन । निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द तोकिएको अवधीभरको रकम समेटीने गरी बिमा गराउनुपर्दछ ।<br><br>• निर्माण कार्यको गुणस्तरः निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । निर्माण व्यवसायीले उक्त योजना पेश गरेको पाइएन । साथै प्रथम रनिङ विलवाट स्ट्रकचर वर्क लगायतको bill of quantity मा समावेश गरी भुक्तानी गरेकोमा गुणस्तर परिक्षण समेत भएको देखिएन । यसवाट निर्माण कार्यको गुणस्तर परीक्षण Quality Assurance Plan ले तोकेको frequency अनुसार भएको सुनिश्चित हुने आधार रहेन । निर्माण कार्यको QAP अनुसार गुणस्तर परीक्षण गरी गुणस्तरीयता तथा दिगोपना कायम गरिनुपर्दछ ।<br>• पेश्की फछ्यौट नभएको- निर्माण व्यवसायीसँग भएको सम्झौताको SCC मा GCC 57.3 अनुसार कुल निर्धारित समयावधिको ८०% समयावधि समाप्त भइसक्दा सम्पूर्ण पेश्की फर्छ्यौट गरिसक्नुपर्ने उल्लेख छ ।पलिकाले निर्माण व्यवसायीलाइ मोविलाइजेशन स्वरुप उपलब्ध गराएको रु.३०००००० नियमानुसार पेश्की फछ्यौट हुनुपर्दछ । | |
| ४३ | | | **डुमरिया शिबदयालको घरदेखी लक्ष्मिनिया जाने सडक कालोपत्रे कार्य-** | |
| ४३.१ | | | पालिकाले यस कार्यको लागी निर्माण व्यवसायी आर एन कन्सट्रक्सन राजपुर ४ संग मिति २०७८।३।२२ मा रु १३७५५४४२ मिति २०७९।२।३० सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको छ । गतवर्ष प्रथम रनिङ बिल रु ३९६९७८८ को कार्य मूल्यांकन संलग्न गरी रनिङ विल तयार गरी भुक्तानी दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:-<br><br>• अभिलेख व्यवस्थापन - पालिकाले यस खरिद व्यवस्थापन अन्तर्गतको स्वीकृत लागत अनुमान ,दर विश्लेशण, डिपिआर, सुचना प्रकासन ,मूल्यांकन,छनौट लगायतको आधारभुत कागजातहरुको व्यवस्थित अभिलेख राखी तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेमा राखेको देखिएन। खरिद सम्झौताको कागजातहरु व्यवस्थित रूपमा राख्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • खरिद सम्झौताको ढाँचा-निर्माण व्यवसायीसँग खरिद सम्झौता गर्दा नगरपालिकाले सार्वजनिक खरिद अनुगमन कार्यालयको तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेमा केही सीमित प्रावधान मात्र उल्लेख गरेर आफ्नै ढाँचामा समित प्रावधान राखी खरिद सम्झौता गरेको छ । खरिद सम्झौतामा राख्नुपर्ने प्रावधानहरु संलग्न गरेर standard bidding document अनुसार खरिद सम्झौता गर्नुपर्ने देखियो।<br>• निर्माण कार्यको गुणस्तरः निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । निर्माण व्यवसायीले गुणस्तर परिक्षणको योजना पेश नगरेको तथा भएको अध्यावधिक कार्यको समेत गुणस्तर परिक्षण गरेको देखिएन। निर्माण कार्यको QAP अनुसार गुणस्तर परीक्षण गरी गुणस्तरीयता तथा दिगोपना कायम गरिनुपर्दछ ।<br>• निर्माण कार्यको बिमाः सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाइ निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मिति सम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागी विमाको प्रावधान नराखिएको पालिकाले जनाएको छ । प्रचिलत कानुनमा भएको व्यवस्था विपरीत बिमाको प्रावधान नराखी गरिएको खरिद सम्झौता नियमसम्मत देखिँदैन ।सम्झौता रकमको बिमा गराएको प्रमाण पेश हुन आएन। निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द तोकिएको अवधीभरको रकम समेटीने गरी बिमा गराउनुपर्दछ ।<br>• निर्माण कार्यको म्याद थप तथा पुर्व निर्धारित क्षतिपुर्ति - सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सँझौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यको लागी गरेको खरिद सम्झौतामा २०७९।२।३० सम्म म्याद भएकोमा निर्माण कार्य वापत कुल रु ७५२३८५८ को कार्यमुल्याँकन अर्थात ५४ प्रतिशत मात्र प्रगति भएको छ ।लेखापरीक्षण अवधिसम्म न्युन प्रगति भएको देखिएको तथा पुन म्याद थपको प्रमाण समेत पेश भएको नदेखिएकोले यसरी ठेक्काको काम समयमा पुरा नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार निर्माण कार्यको म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउनपर्ने अन्यथा पूर्वनिर्धारित क्षतिपूर्ति लगायत कार्य गर्नुपर्ने देखिएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.२ | | | सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११० बमोजिम त्रुटी सच्याउने अवधि भन्दा १ महिना वढी सम्म म्याद थप भएको कार्यसम्पादन जमानत हुनुपर्ने व्यवस्था छ । निर्माण कार्यको मिति २०७९।२।३० सम्म म्याद कायम भएकोमा कार्यसम्पादन जमानतको म्याद न्युनतम २०८०।३।३० सम्म कायम हुनुपर्नेमा कार्यसम्पादन जमानतको म्याद २०७८।९।२१ सम्म मात्र भएको देखियो । सार्वजनिक खरिद नियम कानून अनुसार कार्यसम्पादन जमानतको म्याद कायम हुनुपर्ने रु | ७२५,००० |
| ४४ | | | **सुरक्षीत नागरिक आवास कार्यक्रम :-** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार लाभग्राही छनौट गरी गरिब विपन्न परिवारलाई जस्तापाताको छाना मुनि ल्याउने कार्यक्रम अन्तर्गत बजेट व्यवस्था भएकोमा पालिकाले यसवर्ष विभिन्न १४५ जना लाभग्राहिलाई प्रथम किस्ता वापतको रकम उपलव्ध गराएको छ । यसरी रकम उपलव्ध गराउँदा कार्यविधिमा उल्लेख भएबमोजिम लाभग्राही छनौट गरेको विवरणको आधार पेश हुन आएन। विभिन्न ११३ जना लाभग्राहिको नाममा जनही रु. २०५०० का दरले रु.२३१६५,००, प्रथम किस्ता बापत भुक्तानी पश्चात लाभग्राहीहरुले छानो छाउने सम्पुर्ण कार्य गरेको पालिकाले मौखिक जानकारी दिएतापनि अनुगमन प्रतिवेदन तथा सम्पूर्ण लाभग्राहीरुको कार्य सम्पन्न प्रतिवेदन सम्लग्न भएको नदेखिएकोले अनुगमन प्रतिवेदन तथा निर्देशिका अनुसारको विवरणहरु संलग्न गरी उक्त कार्यको फरफारक गर्नुपर्ने देखिएको रु. | २,३१६,५०० |
| ४५ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्इङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि तथा नमूना विद्यालयको लागी देहायका विद्यालयलाई रु.७२ लाख निकासा भएको छ । तर | ७,२००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्यसम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>कार्यक्रम</th><th>बिद्यालयको नाम</th><th>रकम रु</th><th>प्रयोजन</th></tr>
<tr><td rowspan="3">२८|०७९|३|२२</td><td rowspan="3">राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम</td><td>जनता उमावि औंरैया१</td><td>३६०००००</td><td rowspan="3">२ कोठे भवन अनुदान</td></tr>
<tr><td>रइस प्रावि जटहरा ५</td><td>१८०००००</td></tr>
<tr><td>महेन्द्र राय यादव प्रालि लतैना परोहा ६</td><td>१८०००००</td></tr>
<tr><td></td><td></td><td></td><td>७२०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अमानतवाट कार्य गरेको :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानत बाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ जसअन्तर्गत उपनियम १ मा सार्वजनिक निकायले अमानत बाट कार्य गर्दा एक तह माथिको स्वीकृती लिनुपर्ने तथा उपनियम २ मा सार्वजनिक निकायले अमानत बाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने उल्लेख छ । पालिकामा अमानतबाट कार्य गर्नुपरेको खण्डमा नियमावलीमा व्यवस्था भए बमोजिम निर्माणसम्बन्धी आवश्यक सामग्री उपलब्ध गराई ज्याला मार्फत काम गराउनु पर्नेमा सो व्यवस्थाविपरीत पालिकाले वडा सचिव, कार्यालय सहयोगीहरु तथा अन्य व्यक्तिहरु मार्फत सामाग्री खरिदको भरपाइ तथा डोर हाजिरी संलग्न गरी प्राविधिक मूल्याँकनको आधारमा रकम भुक्तानी दिएको छ । यसरी गरीएको अमानती कार्यको भुक्तानीमा अनुगन प्रतिवेदन, कार्य सम्पन्न हुनु पूर्व तथा कार्यसम्पन्न पश्चातको तस्विर लगायतको पुष्ट्याईं भएको देखिएन । यसरी पटके रुपमा गर्नुपर्ने मर्मत तथा अन्य कार्यहरु गर्दा श्रमदान नहुने तथा मितब्ययी समेत हुने नदेखिएकोले सार्बजनिक खरिद नियमकानुनको परिपालनामा गरी कार्य गर्नुपर्ने देखिएको छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो.भौ.नं | कार्य विवरण | वडा | लागत अनुमान रु | कार्य सम्पन्न रकम रु | भुक्तानी रकम रु | भुक्तानी पाउने | पद |
|---|---|---|---|---|---|---|---|
| १८।०७८।६।२५ | कल्भर्ट निर्माण कार्य | ५ | ९६९३६ | ९६००९ | ९६००९ | कौशल कुमार अधिकारी | वडा सचिव |
| ६६।०७८।१०।२ | विभिन्न ठाउँमा सडक मर्मत कार्य | २ | ९६३३४ | ९५७०७ | ९५७०७ | दिपेन्द्र गुप्ता | वडा सचिव |
| ६८।०७८।१०।२ | पटुवा टोलको मेनरोड सडक मर्मत | ६ | ९६९२५ | ९६९२५ | ९६९२५ | कविन्द्र हजारा | कार्यालय सहयोगी |
| ८२।०७८।१०।२५ | रामनगर टोलमा पोल सार्ने तान्ने कार्य | ४ | ९६९८३ | ९४९८३ | ९४९८३ | राजकपुर सिन्हा | कम्प्युटर अपरेटर |
| ९०।०७८।११।४ | भकुवा नदीमा फलामे पुल मर्मत | ३ | ९९५३३ | ९९५३३ | ९९५३३ | प्रेम संकर झा | उद्यम विकास सहजकर्ता |
| ११७।०७८।१२।२१ | नाला मर्मत कार्य | ४ | ४९८०० | ४८२२५ | ४८२२५ | राज कपुर प्रसाद सिन्हा | कम्प्युटरु अपरेटर |
| ११८।०७८।१२।२१ | बृजकिशोर रामलाई भुक्तानी | ४ | ९६९७५ | ९६३९९ | ९६३९९ | बृज किशोर राम | कार्यालय सहयोगी |
| १३१।०७९।१।५ | लालबकैया नजिकको मन्दिर व्यवस्थापन कार्य | १ | ९६९९७ | ९६९५३ | ९६९५३ | वीरेन्द्रकुमार कुशवाह | वडा सचिव |
| १३४।०७९।१।५ | कव्रगाह मा कम्पाउण्डवाल । निर्माण | १ | ९६७३३ | ९६७४५ | ९६७४५ | प्रेम संकर झा | उधम विकास सहजकर्ता |
| १४२।०७९।१।१५ | वडा नम्बर ३ मा कुलो सरसफाई कार्यक्रम | ३ | ९६९९८ | ९६८४० | ९६८४० | छठु राउत | नगर प्रहरी |
| १४३।०७९।१।२५ | वडा नम्बर ३ मा बिग्रेको बाटो मर्मत | ३ | ९६९९४ | ९६९३९ | ९६९३९ | उमाशङ्कर गिरी | सामाजिक परिचालक |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५७।०७९।२।२६ | डाइभर्सन मर्मत कार्य | ३ | ९६९५७ | ९६३५७ | ९६३५७ | दिपेश रोनियार | वरिष्ठ स्वास्थ्य प्राविधिक | |
| १७७।०७९।३।२० | डुमरिया खोप केन्द्रको अधुरो निर्माणकार्य | ९ | ९६८७७ | ९६८४७ | ९६८४७ | नितेश कुमार मेहता | कम्प्युटर अपरेटर | |
| १८२।०७९।३।२६ | महुलियाको मुक्त मर्मत तथा सौन्दर्यकरण | ४ | ९६८१८ | ९६८१८ | ९६८१८ | गगनदेव बैठा | | |
| १८८।०७९।३।२४ | भिखरको घर नजिक इनार मर्मत | ९ | ९६५२९ | ९६५२९ | ९६५२९ | दिनेशप्रसाद कुशवाह | योजना शाखा | |
| १८९।०७९।३।२४ | .बडा अन्तर्गत सरसफाइ | १ | ९६९५७ | ९६९५७ | ९६९५७ | तजुमल खाँ | | |
| २०६।०७९।३।२५ | मनमोहन गेट रंगरोगन | २ | ९६७०८ | ९४७३४ | ९४७३४ | प्रेमसंकर झा | उद्यम विकास सहजकर्ता | |
| | | | १४५५२७९ | १४४८८७६ | १४४८८७६ | | | |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **टुक्रे खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना बनाई उपयुक्त कार्यमा प्याकेज बनाएर प्रतिस्प्रर्धा गराई खरीद गर्नुपर्नेमा सो नगरी तथा बिनियोजित बजेट र प्रकृति अनुसार सम्भाब्य प्याकेज समेत तयार नगरी लागत अनुमानको हाराहारीमा भुक्तानी दिने गरी टुक्रा टुक्रामा प्याकेज बनाई कोटेशनबाट कार्य गराई रु ३७ लाख २६ हजार खर्च गरेको नियमसम्मत देखिएन । योजनाहरुवाट खरिद सम्झौता गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ तथा नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) बमोजिम हुने भनी निम्नानुसार कोटेशनवाट खरिद गरेको छ ।कोटेशन पश्चात सम्पन्न भएका कार्यहरूको पर्याप्त पुष्ट्याइ गर्ने तस्विर, आधार प्रमाणहरु, अनुगमन प्रतिवेदन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संलग्न नभएको केवल वडा अध्यक्षको सिफारिमा भुक्तानी भएको देखिएको छ । यसरी प्याकेज तयार नगरी ३ बटा निर्माण व्यवसायीको कोटेशन दरभाउपत्र संलग्न गरी रु३७ लाख ६५हजारको लागत अनुमानमा रु ३७ लाख ५३ हजार मा सम्झौता गराइ निर्माण कार्यको नापजाँच अनुसार रु ३७ लाख २३ हजार भुक्तानी गरेको छ । यसरी खरिद योजना नवनाएको, सम्भाबित प्याकेज तयार नगरेको तथा टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले (उस्तै प्रकृतिका अन्य कार्यमा उपभोक्ता समिति प्रयोग गरेकोमा यी योजनाहरुमा निर्माण व्यवसायी प्रयोग भएकोले श्रमदान कार्य नभएको, ओभरहेड तथा मुल्य अभिबृद्‌दी करको ब्ययभार परेको) मितव्ययी नदेखएको र प्रतिस्पर्धा समित हुने पद्‌दतिले खरिद कार्य गरेको नियमसम्मत देखिंदैन । सम्भावित प्याकेज तयार गरी खरिद व्यवस्थापनमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

| गो.भौ.न./मिति | योजनाको नाम | वडा | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|---|
| ६३।०७८।१०।२ | सुरेन्द्र लामाको घरदेखि दलु रामको घरसम्म सडक ढलान | ५ | २९०९९८ | २८६६३३ | २८६६३३ | आमोद कन्सट्रक्सन रौतहट |
| ६४।०७८।१०।२ | जोगि शाहको घरदेखि सडक ढलान | ४ | ४८४९९७ | ४७७३२८ | ४७५९३६ | अमित कन्सट्रक्सन रौतहट |
| ६७।०७८।१०।२ | रामनगर टोलमा सामुदायिक भवन निर्माण | ४ | ४७७३७६ | ४७५३२३ | ४७५३२३ | शिवानी निर्माण सेवा रौतहट इशनाथ ४ |
| ७०।०७८।१०।२ | मठिया देखि महुलिया सम्म सडक ग्राभेल | ४ | ४७५८९६ | ४७५४६३ | ४७५४६३ | शिवानी निर्माण सेवा रौतहट इशनाथ ४ |
| १०४।०७८।११।२३ | लालबकैया खोलामा डाइभर्सन | ३ | ४८४९९७ | ४७८१०२ | ४७६०६८ | पुरुषोत्तम कन्सट्रक्सन इशनाथ २ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३७।०७८।१।५</td><td>प्रहरी चौकीदेखि मैकस फर्मा सम्म माटो पुरी ग्राभेल कार्य</td><td>४</td><td>६६४०००</td><td>६६४०००</td><td>६५३८८१</td><td>अन्सारी कन्सट्रक्सन</td><td></td></tr>
<tr><td>१७५।०७९।३।२०</td><td>रामचन्द्रको घरदेखि विन्देश्वर को घर सम्म सडक ढलान</td><td>२</td><td>२०७९५७</td><td>२३११३९</td><td>२३०६२२</td><td>प्रबिण कन्स्ट्रक्सन रौतहट औरया ८</td><td></td></tr>
<tr><td>१७६।०७९।३।२०</td><td>कैलाशको घरदेखि पश्चिम जाने बाटो सडक ढलान</td><td>८</td><td>४८४९९१</td><td>४७६८५४</td><td>४७५३१९</td><td>अमित कन्सट्रक्सन रौतहट</td><td></td></tr>
<tr><td>२०७।०७९।३।२५</td><td>कैलाशको घरदेखि पश्चिम जाने बाटोमा नाला तथा सडक ढलान</td><td>२</td><td>१९३९२३</td><td>१९१२९८</td><td>१७७३४२</td><td>पुरुषोत्तम कन्सट्रक्सन इशनाथ २</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>३७६५१३५</td><td>३७५६१४०</td><td>३७२६५८७</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>औषधि खरिद :- पालिकाले यस वर्ष पालिकाले पालिका औषधि रु.१६ लाख ७३ हजार मुल्यको औषधि तथा स्वास्थ्य उपकरण खरिद गरेको छ । विभिन्न औषधिहरु नि:शुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधि खरिद गरेको देखिदैन । पालिकाले औषधि खरिद गर्दा गरेकोमा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सो अनुरुप लागत अनुमान तयार गरेको देखिएन । लागत अनुमान तयार गर्दा खरिद भएका औषधिको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधि) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । त्यस्तै</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्झौताको शर्तहरुमा औषधि WHO GMP Certify Company बाट उत्पादन भएको हुनुपर्ने तथा निःशुल्क छाप लगाएको हुनुपर्ने जस्ता विषय समेत समावेश नगरी सम्झौता गरेको पाइयो । यसरी सम्झौता गरी भुक्तानी दिने प्रवृत्तिमा सुधार गर्दै पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी बाँधी नागरिकलाई नि:शुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । | |
| ४९ | | | **सोझै खरिद :-** सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने ब्यबस्था रहेको छ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको फर्निचर तथा मेसिनरी औजार खरिद गर्दा विभिन्न समयमा विभिन्न आपुर्तकहरु संग लागत अनुमान समेत तयार नगरी पटक-पटक सोझै खरिद गरेको देखियो। यसरी कोटेशन समेत संलग्न तथा लागत अनुमान समेत तयार नगरी एकै प्रकृतिको सामग्री सोझै खरिद गरेकोले नियम कानुनको परिपालना नभएको देखिएको अनियमित रु | ६,८८५,३८३ |

| गो. भौ न मिति | खरिद विवरण | सामाग्रीहरु | भुक्तानी रकम रु | आपुर्तक |
|---|---|---|---|---|
| नपा पुजिगत५।०७८।६।५ | फर्निचर फिक्सचर्स | टेवल सोफा चेयर आदी | ४९९५९२ | मा मनकामना ट्रेड एण्ड सप्लायर्स |
| ८।०७८।६।१६ | मेसिनरी औजारहरु | विद्युतका सामाग्रीहरु | ३२७१६८ | उमंग टेडर्स |
| २२।०७८।७।१६ | मेसिनरी औजारहरु | विद्युतका सामाग्रीहरु | ३४९६४० | उमंग टेडर्स |
| ३६।०७८।८।२ | मेसिनरी औजारहरु | विद्युतका सामाग्रीहरु | ११५४१७९ | उमंग टेडर्स |
| ३७।०७८।८।२ | मेसिनरी औजारहरु | प्रिन्टर कम्प्युटर | ११६०६५ | गुप्ता जनरल सप्लायर्स |
| ७८।०७८।१०।१७ | मेसिनरी औजारहरु | प्रिन्टर कम्प्युटर | २६१५९५ | नमन टेडर्स गौर रौतहट |
| ८०।०७८।१०।२० | फर्निचर फिक्सचर्स | सोफा टेवल दराज | ३४५२१५ | काजल इन्टरप्राइजेज गरुडा रौतहट |
| ८१।०७८।१०।२० | फर्निचर फिक्सचर्स | सोफासेट अलमारी टेवल | ३९५५०० | आदर्श दुर्गा इलेक्ट्रोनिक्स गरुडा रौतहट |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १२४।०७८।१२।२१ | फर्निचर खरिद | स्टडि टेवल | १६९५०० | विश्वकर्मा सोफा एण्ड फर्निचर सोलुशन |
| १५४।०७९।२।१६ | मेसिनरी औजारहरु | फ्यान घडी लगायत | १९२३१६ | जय माता दी सप्लायर्स रौतहट ५ गौर |
| १५५।०७९।२।१६ | कार्यालय सामान | मसलन्दहरु | ३२०८६३ | मनकामना अफसेट प्रेस गौर ८ रौतहट |
| २००।०७९।३।२५ | फर्निचर फिक्सचर्स | टेवल कुर्सी | ४२७९३७ | मा मनकामना ट्रेड तथा कन्सर्न |
| २१२।०७९।३।२५ | फर्निचर फिक्सचर्स | टेवल कुर्सी | ४६५९४४ | जय माता दी सप्लायर्स रौतहट ५ गौर |
| २१३।०७९।३।२५ | फर्निचर फिक्सचर्स | टेवल र्याक सोफासेट | ४६५९४४ | मनोकामना ट्रेड एण्ड सप्लायर्स गौर ५ रौतहट |
| सशर्त पुजिगत ३।०७८।७।७ | मेसिनरी औजारहरु | ल्यापटप | १९९९९८ | सेक्युरिटी विल्डर्स गौर रौतहट |
| ४।०७८।७।७ | मेसिनरी औजारहरु | डेक्सटप कम्प्युटर | २००००० | सेक्युरिटी विल्डर्स गौर रौतहट |
| २९।०७९।३।२४ | मेसिनरी औजारहरु | विद्युतिय सामाग्रिहरु | ९९३९२७ | राधा जेनेरल अडर्स एण्ड सप्लयायर्स गौर नपा रौतहट |
| | | | ६८८५३९३ | |

५०

**हयाण्डपम्प तथा वोरिङ जडान :-** स्यालो ट्युवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन विधि, २०७७ को दफा २ मा कार्यक्रममा सहभागी हुन चाहने सेवाग्राहीलाई दफा ३ मा उल्लेखित तोकिएको योग्यता समावेश गरी १५ दिनको सार्वजनिक सूचना आव्हनान गरी योग्य सेवाग्राहीलाई अनुदान भुक्तानी गर्दा दफा ९ अनुसार जडान कार्य सम्पन्न प्रतिवेदन तथा बिल भरपाई र जडान/निर्माण भएको स्यालो ट्युवेल/पम्पसेट/ ईनारको जि.पि.एस. कोडको अभिलेख राखी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले यस देहाय अनुसारको स्यालो ट्युवेल र हयाण्ड पम्प जडान गर्दा कार्यक्रम संचालन विधिमा उल्लेखित सूचना प्रकाशन गरी योग्य सेवाग्राहीलाई अनुदान भुक्तानी गरेको पाइएन । साथै स्यालो ट्युवेल/पम्पसेट जडान कार्यको कार्य सम्पन्न प्रतिवेदन र सोको जि.पि.एस. कोडको सहितको अभिलेख राखी भुक्तानी दिएको समेत पाइएन । पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी बिभिन्न स्थानमा निम्नाुसार २६९ वटा हयाण्डपम्म तथा वोरिङ जडानवापत रु १ करोड ७ लाख ५२ हजारको लागत सम्झौतामा रु १ करोड ६ लाख ४७ हजारको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मूल्याँकन संलग्न गरी रु ९७ लाख २० हजार खर्च लेखेको छ । यसरी निर्माण गराइ खर्च लेख्दा विभिन्न ब्यक्तिहरुको निजी जग्गामा जडान गरेको व्यहोरा सहित भरपाइ समेत गराएको देखियो । सार्वजनिक निकायले विकास निर्माण तथा योजना संचालन गरी खर्च लेख्दा सार्बजनिक हित तथा बहुउपयोग हुनेगरी गर्नुपर्नेमा निजी जमिन भएका सिमित व्यक्तिहरुको स्वामित्व हुनेगरी लाभग्राही छनौटको आधारसमेत समावेश नगरी वितरणमुखी कार्यक्रम गरेको देखियो । निर्माण कार्यको अभिलेखहरु नापी किताब , ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा मिति समेत उल्लेख नगरी निर्माण कार्य गराएको देखियो । विभिन्न मिति तथा गोश्वारा भौचर बाट पटकपटक एउटै वडा तथा स्थानहरुमा ह्याण्डपम्प र वोरिङ जडान वापतको खर्च लेखेकोमा यसप्रकारको वितरणमुखी कार्यका लाभग्राही व्यक्तिहरुको विवरणको लगत समेत राखेको देखिएन। लाभग्राही छनौटको आधार र विवरण तयार नगरी विभिन्न समयमा वडाहरुबाट पटकपटक वितरणमुखी निर्माण कार्य गर्दा एउटै व्यक्तिलाई दोहोरो नपरेको भनी सुनिश्चित हुने आधार समेत देखिँदैन। योजना छनौट र वजेट विनियोजन पूर्व अत्यधिक लाभग्राहीहरुलाई उपयोग हुने पद्धतिको योजनाहरु छनोट गर्नुपर्ने , वोरिङ तथा ह्याण्डपम्प जडान लगायतका कार्यहरु निर्माण गर्नुपर्ने नै भए सार्वजनिक जग्गा तथा जनहितमा उपयोग हुने गरी गर्नुपर्ने , खरिद आवश्यकता तथा औचित्यताको समेत पहिचान गरी गर्नुपर्नेमा सीमित व्यक्तिहरुलाई लाभ हुने गरी वितरण गरेको देखियो। तसर्थ यस प्रकारको वितरणमुखी क्रियाकलापमा सार्वजनिक स्रोतसाधन प्रयोग गरेको नियमसम्मत देखिंदैन । कार्यविधि तथा प्रचलित कानून अनुसार वजेट विनियोजन गरी कार्य गर्नपर्ने देखिन्छ । | |

| गो.भौ.न/मिति | खर्च विवरण | वडा | संख्या | लागत अनुमान रु | कार्यसम्पन्न रकम रु | भुक्तानी रकम रु |
|---|---|---|---|---|---|---|
| ४०।०७८।८।५ | स्वच्छ खानेपानी चापाकल जडान | | १६ | ७५७१५२ | ७५२०८६ | ६७४४५७ |
| ५७।०७८।८।५ | स्वच्छ खानेपानी चापाकल जडान | ५ | २१ | ११११५८३ | ११०७२२८ | ९९०३५४ |
| ५९।०७८।८।२३ | स्वच्छ खानेपानी चापाकल जडान | ९ | १९ | १०८४१७६ | १०८१७४३ | ९६७८२३ |
| ७५।०७८।१०।६ | खानेपानी तथा सरसफाइ सम्बन्धि कार्य | १ | ३३ | १०९३४२५ | १०९१४२५ | ९९५१७६ |
| ९२।०७८।११।१६ | स्वच्छ खानेपानी चापाकल जडान | ९ | ६५ | ३६७१६८२ | ३५८७८६१ | ३३७४०७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३२।०७९।१।५</td><td>वडा न ३ मा डीपकल जडान</td><td>३</td><td>३३</td><td>१३०२८३०</td><td>१३०२३९८</td><td>११६३६१४</td></tr>
<tr><td>१४४।०७९।१।१८</td><td>वडा भरी डिपकल जडान</td><td>९</td><td>१७</td><td>६४९८०८</td><td>६४८१२५</td><td>५८०४९२</td></tr>
<tr><td>१५३।०७९।१।१८</td><td>डिपकल जडान तथा नाला निर्माण</td><td>७</td><td>६५</td><td>१०८२१२०</td><td>१०७६४१८</td><td>९७४८८९</td></tr>
<tr><td></td><td></td><td></td><td>२६९</td><td>१०७५२७७६</td><td>१०६४७२८४</td><td>९७२०८८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>पालिकाभरी वाइफाई जडान कार्य</td><td></td></tr>
<tr><td>५१.१</td><td>२०४</td><td>२०७९-३-२५</td><td>नगरपालिकाले सम्पूर्ण वडा भरी वाइफाइ जडान कार्य बापत् सुविसु केवल नेट प्रालिसँग पटकपटक खरिद सम्झौता गरी रु ३००८८०० खर्च लेखेको देखियो। नेट डिभाइस तथा ३ महिनाको शुल्क भुक्तानी गरिएकोमा सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्-<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा नियमावलीको नियम ९ को आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस कार्यको लागि लागत अनुमान तयार नगरी सेवाप्रदायकले उपलब्ध गराएको दररेट अनुसार नै प्रतिसेट ३ महिनाको नेट शुल्क बापत् रु ३६११ (+13%TSC) तथा जडानको शुल्कबापत रु ३१९५ भुक्तानी गरेको देखियो। ठूलो परिमाणमा जडान गरेता पनि कुनै छुट तथा सहुलियत लिएको देखिएन। सार्वजनिक खरिद नियम कानूनअनुसार लागत अनुमान तयारी गरी खर्चको आधार यकिन गरेको देखिएन । सार्वजनिक खरिद नियम कानुनको परिपालना गरी खरिद व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(१) अनुसार २० लाख रुपैयाँभन्दा बढीको वस्तु तथा खरिद गर्दा बोलपत्र कम माध्यमबाट खरिद गर्नुपर्नेमा पालिकामा एउटामात्र आपूर्तक उपलब्ध भएको कारण उल्लेख गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ (क) अनुसार खरिद गरेको व्यहोरासहित सुविशु केवल नेट प्रालिसंग पटकपटकको रु ५ लाखको दरले खरिद सम्झौता गरेको छ । सार्वजनिक खरिद नियमावली नियमावली २०६४ को नियम ८५ र ८६ बमोजिम रु ५ लाखसम्म सोझै खरिद गर्न मिल्ने व्यवस्था भएको टिप्पणी तथा सम्झौता संलग्न</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी एउटै आपुर्तकसंग विभिन्न ७ वटा सम्झौता गरी सेवा प्रदायककै दररेटमा रकम भुक्तानी गरेको देखियो ।<br>• नगरपालिकाले यसरी वाइफाई जडान गरी खर्च लेख्दा प्रयोजन तथा आवश्यकता पहिचान गरेर मात्र लेख्नु पर्नेमा डिभाइस जडान र ३ महिनाको शुल्क भुक्तानी पश्चात थप शुल्क भुक्तानी नभएको र अधिकांश स्थानमा प्रयोगमा समेत नआएको देखियो। यसरी उद्देश्य निर्धारण नगरी तथा निरन्तरता नदिनाको कारणले गर्दा ठूलो रकम(रु ३००८८००) प्रयोजन विहिन देखिएको छ । खरिद आवश्यकता औचित्यता तथा उपयोगिता समेत को विश्लेषण गरी खरिद गर्नुपर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>जडान प्रमाण नभएको- निम्नानुसारको वडामा संलग्न विल अनुसारको परिमाणको भुक्तानी दिएकोमा जडान भरपाई तथा प्रमाण नभएकोले प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>वडा नं</th><th>विल अनुसार जडान संख्या</th><th>भरपाइ तथा प्रमाण अनुसारको संख्या</th><th>नपुग प्रमाण संख्या</th><th>दर रकम रु</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>७</td><td>५२</td><td>३१</td><td>२१</td><td>६८०७</td><td>१४२९४७</td></tr>
<tr><td>८</td><td>५२</td><td>४२</td><td>९</td><td>६८०७</td><td>६१२६३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>२०४२१०</td></tr>
</table></td><td>२०४,२१०</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>बिल भरपाइ तथा खर्चको पुष्ट्याईं :- आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाइ, प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिका पूजीगत शिर्षकवाट निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याईं सँलग्न नगरी खर्च लेखेको प्रमाणकागजात पेश हुनुपर्ने रु</td><td>६,४४४,११३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो. भौ न मिति | खर्चको प्रयोजन | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|
| १७।०७८।६।२५ | मावि मठिया अनुदान पेश्की | २००००० | कार्यसम्पन्न प्रगति विवरण तथा नापी नभएको |
| २०।०७८।७।११ | पोल र ह्युम पाइप खरिद | २२०७६२ | गढीमाइ आर एम सी उद्योगबाट खरिद गरेकोमा जडान प्रतिवेदन नभएको |
| ३४।०७८।८।१ | नगरभरी विद्युत सामग्री खरिद | १९५५५२७ | सेक्युरिटी विल्डर्सवाट वल्व तार स्विच होल्डर लगायतको सामग्री खरिद भएकोमा खपत , हस्तान्तरण र जडान प्रतिवेदन नभएको |
| १३८।०७९।१।१० | विभिन्न सामग्रीहरु खरिद | २९८४५६ | आर्ट पोइन्ट बाट सामग्री खरिद गरेकोमा जिन्सी दाखिला नभएको |
| १४०।०७९।१।१५ | जामा मस्जिद मा शौचालय निर्माण बापत भुक्तानी | ४७४७४३ | गोश्वारा भौचर नभएको |
| १५८।०७९।३।१६ | ज्याजेड जोन प्रालिलाई भुक्तानी | ४९९२३४ | गोश्वारा भौचर नभएको |
| २००।०७९।३।२५ | फर्निचर तथा फिक्सचर्स खरिद | ४२७९३७ | मा मनकामना ट्रेड एण्ड कन्सर्नबाट खरिद गरेको फोटोकपी विल संलग्न भएकोमा खरिद आदेश , माग फारम , दाखिला प्रतिवेदन तथा सक्कल बिल पेश नभएको |
| २०९।०७९।३।२५ | प्रमुख प्रशासकीय अधिकृत खिमबहादुरको भुजेल भ्रमण भत्ता भुक्तानी | २५२०० | विभिन्न मितिको भ्रमण आदेश संलग्न भएकोमा स्वीकृत नभएको , भ्रमण बिल मात्र संलग्न गरी भुक्तानी भएको |
| संघीय सशर्त ५।०७८।८।१७ | नवीकरणीय ऊर्जा शीर्षकबाट सोलार खरिद बापत भुक्तानी वडा नं २ र ९ | ३९७७६० | रु ३९९९८६ को लागत अनुमान तयार गरी रु ३९७७६० मा इमरजिङ अल्टरनेटिभ सस्टेनेवल टेक्नोलोजिसंग सम्झौता गरिएकोमा प्राबिधिक नापजाँच र जडान प्रतिबेदन नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६।०७८।७।१७</td><td>नवीकरणीय ऊर्जा शीर्षकबाट सोलार खरिद बापत भुक्तानी वडा नं ४ र ६</td><td>३९७७६०</td><td>रु ३९९९८६ को लागत अनुमान तयार गरी रु ३९७७६० मा सस्टेनेवल टेक्नोलोजिसंग सम्झौता गरिएकोमा प्राबिधिक नापजाँच र जडान प्रतिबेदन नभएको</td></tr>
<tr><td>१०।०७८।१०।९</td><td>पुरुपोत्तम कन्सट्रक्सनलाई भुक्तानी</td><td>१३९७००९</td><td>गोश्वारा भौचर नभएको</td></tr>
<tr><td>३५।०७९।३।२५</td><td>सुचना प्रकासन वापत टुडे एक्सप्रेसलाइ भुक्तानी</td><td>१४९७२५</td><td>सक्कल विल नभएको</td></tr>
<tr><td></td><td></td><td>६४४४११७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
सम्परीक्षणवाट कायम भएको व्यहोरा :- आनुपातिक कट्टी-सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ । नगरपालिकावाट सम्परिक्षणको लागी पेश भएको मध्ये निम्नानुसारको योजनाको पेश्की फछ्यौट गरि कार्यसम्पन्न प्रतिबदन जारी गर्दा आनुपातिक योगदान नपुगेकोले असुल गरि दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>आर्थिक वर्ष</td><td>दफा न</td><td>योजनाको नाम</td><td>लागत अनुमान</td><td>नपा योगदान</td><td>कार्यसम्पन्न रकम</td><td>भुक्तानी भएको रकम</td><td>भुक्तानी हुनुपर्ने रकम</td><td>वढि भुक्तानी रकम</td></tr>
<tr><td>०७४।०७५</td><td>५५( सिन१२ )</td><td>रामजानकी मन्दिर देखी फकुवा नदिसम्म माटो पुर्ने कार्य</td><td>५२३३१२५</td><td>४००००००</td><td>५०९६१५८</td><td>४००००००</td><td>३८९५३०७</td><td>१०४६९३</td></tr>
<tr><td>,,</td><td>,,</td><td>नगरभित्र चापाकल जडान कार्य</td><td>२१३४१६८</td><td>२००००००</td><td>२०३४१६८</td><td>२००००००</td><td>१९०६२८</td><td>९३७१४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१९८४०७</td></tr>
</table>
</td><td>१९८,४०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **सिलबन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट खरिद व्यवस्थापन :-** पालिकाले यसवर्ष केही निर्माण तथा सामाग्री खरिद कार्य शिलबन्दी दरभाउपत्र तथा सिलबन्दी वोलपत्रको माध्यमबाट समेत गराएको छ । यसरी खरिद गर्दा लागत अनुमानकै हाराहारिमा समेत खरिद सम्झौता भएको छ । | |

| बउशिन | गो. भौ . न | योजनाको नाम | वडा | लागत अनुमान | सम्झौता रकम | नापी तथा कार्यसम्पन्न रकम | लागत अनुमानको तुलनमा घटी प्रतिशत | निर्माण / व्यवसायी नाम |
|---|---|---|---|---|---|---|---|---|
| नपा पुजिगत | ११।०७८।६।१७ | फर्निचर तथा फिक्सचर्स खर्च | | २५००००० | २४५२२९२ | | १.९ | न्यु इलेक्ट्रोनिक प्लाजा |
| नपा पुजिगत | १२।०७८।६।१८ | मेसिनरि औजार खरिद | | २५००००० | २४४०९५८ | | २.३६ | न्यु इलेक्ट्रोनिक प्लाजा |
| नपा पुजिगत | ११४।०७८।१२।२१ | पल्टवा टोलमा इनार र प्रतिक्षालय निर्माण | ४ | ३८७९९३ | ३८१९३२ | ३८१९३२ | १.५६ | शिवानी निर्माण से इशनाथ ४ रौतहट |
| नपा पुजिगत | १८७।०७९।३।२४ | नगरपालिका भित्र वर्षातको समयमा क्षतिग्रस्त सडक मर्मत | १ देखि ९ | २३२७६९५ | २२७१५६५ | १९९९७८२ | २.४१ | अंसारी कन्सट्रक्सन राजपुर ४ रौतहट |
| नपा पुजिगत | १९५।०७९।३।२४ | जटहरा टोलको सडक ढलान | ५ | २९०९९९८ | २८५८३०५ | २४४०२०१ | १.७८ | अंसारी कन्सट्रक्सन राजपुर ४ रौतहट |
| नपा पुजिगत | ४३।०७८।८।१ | विरेन्द्र गुप्ताको घरदेखी उप स्वास्थ्य चौकिसम्म सडक ढलान | २ | १२६०९९६ | १२३५५६२ | १२३३९८५ | २.०२ | पुरुषोत्तम कन्सट्रक इनपा २ |
| नपा पुजिगत | ५२।०७८।८।३ | मोतिपुर मस्जित देखी गल्ली सम्म ढलान | ८ | १९३९९८९ | १९०६१८० | १९०५२०२ | १.७४ | शिवानी निर्माण से इनपा ४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नपा पुजिगत | ५३।०७८।८।२३ | कमल महतोको घरदेखी खिलियान रामनगर सम्म ढलान | ४ | १३५८०२६ | १३३५२०२ | १३३४५३३ | १.६८ | शिवानी निर्माण सेवा इनपा ४ |
| संघिय शशर्त | ७।०७८।९।२७ | जनता मावि डूमरीयामा भवन निर्माण | ९ | ५७२२८३३ | ५६०३५७५ | ५७३५०७० | २.०८ | श्रीराम निर्माण सेवा |
| संघिय शशर्त | ३०।०७९।३।२४ | जनता मावी डुमरीयामा स्कुल भवनको अधुरो निर्माण कार्य | ९ | ३७८२७४६ | ३७०१९६७ | ३७८८६३१ | २.१४ | श्रीराम निर्माण सेवा त्र |
| संघिय शशर्त | ३१।०७९।३।२४ | जटहरा माविमा भवन निर्माण | ५ | ५७२१८७२ | ५६०१७४० | ५५९८०४९ | २.१ | आर्यन कन्सटंरकस्न रौतहट |
| संघिय शशर्त | २०।०७९।३।१७ | वडा न ९ मा कृषि नाला निर्माण | ९ | २४९९६६४ | २४६४९०२ | २१५७४८२ | १.३९ | पुरुषोत्तम कन्सट्रक्सन इशनाथ २ |
| संघिय शशर्त | २९।०७९।३।१८ | डुमरीया सडकमा पिसिसि ढलान कार्य | ९ | २४९९१६२ | २४५९८९६ | २१८१६४९ | १.५७ | आर्यन कन्सटंरकस्न रौतहट |
| प्रदेश पुजिगत | ३।०७९।३।२४ | गौरिशंकर शाहको घरदेखी मोतिपुर सम्म सडक ढलान | | २४२४९९७ | २३८०५६६ | २३८०२१८ | १.८३ | आर्यन कन्सट्रक्सन राजपुर ४ रौतहट |
| | ५।०७९।३।२५ | कृषि बिद्युतिकरणको लागी ट्रान्सफर्मर खरिद | १देखी ९ | ३२९९७२१ | ३२५८५२४ | ३०००००० | १.२५ | आर के कन्सट्रक्सन सखुअवा ४ |

सो अन्तर्गत निम्नानुसारको कार्य गराएकोमा देखिएका व्यहोरा हरु देहाय अनुसार रहेका छन्:-

• अभिलेख व्यवस्थापन- सार्वजनिक निकायले निर्माणकार्य गराउँदा सार्वजनिक खरिद नियम कानुन अनुसार सूचना प्रकाशन गरेको प्रमाण कागजात, वोलपत्र बिक्री तथा दर्ता रजिष्टर लगायतको आधारभुत कागजात अभिलेखको रुपमा राखनुपर्नेमा राखेको देखिएन । यसबाट पालिकाको खरिद व्यवस्थापन सम्बन्धी प्रभावकारी अभिलेख भएको देखिँदैन । सार्वजनिक स्रोतसाधनको उपयोग तथा खर्च सम्बन्धमा स्पष्ट पार्ने आधारभूत कागजात तथा प्रमाणहरु संलग्न गरी राखनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निर्माण कार्यको बिमाः सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाइ निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मिति सम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले उपरोक्त अनुसारको खरिद सम्झौतामा निर्माण कार्यको बिमा गराउने प्रावधान नै नराखेकोले विमा नगराएको जनाएको छ । यसरी विमा प्रावधान नराखी सम्झौता गरेको नियमसम्मत देखिएन । निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द तोकिएको अवधीभरको रकम समेटीने गरी बिमा गराउनुपर्दछ ।<br>• निर्माण कार्यको गुणस्तरः निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । उपरोक्त अनुसारको खरिद कार्यको गुणस्तर परिक्षणको नभएको तथा खरिद सम्झौतामा गुणस्तरको प्रावधान समेत राखेको देखिँदैन। निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा पालिकाले ध्यान दिए खरिद व्यवस्थापन गर्दा गुणस्तर प्रावधान समेत अनिवार्य रुपमा राख्नुपर्ने देखिन्छ।<br>• सुचना प्रकाशन पहुंचता र पर्याप्त प्रतिस्पर्धाको स्थिति- खरिद सम्झौता आव्हान गर्दा पालिकाको वेवसाईटमा समेत सुचना प्रकाशित गराई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा तुलनात्मक रुपमा कम पहुँच भएको पत्रिकामा सूचना प्रकाशित गराई खरिद सम्झौता गर्दा प्रतिस्पर्धा सिमित हुन गएको देखिएको छ। खरिद सम्झौतामा न्युनतम १.२५ प्रतिशत मात्र घटेर सम्झौता भएको छ। सूचनाको सार्वजनिकीकरण ध्यान दिइ अत्याधिक प्रतिस्पर्धामार्फत गुणस्तरीय कार्य गराउनु पर्ने देखिएको छ । | |
| ५५ | | | **मूल्य अभिवृद्धि कर कट्टी :-** आर्थिक ऐन, २०७७ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूअकर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले पेश गरेका श्रेस्ताहरुमध्ये नमूना छनौट गरी परीक्षण गरी हेर्दा देहाय बमोजिमको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरी पुरै रकम सम्बन्धित फर्महरुलाई नै भुक्तानी दिएको देखियो । तसर्थ उक्त रकमको मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुन पर्ने रु. | ५०४,६१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो.भौ.नं./मिति | खर्चको व्यहोरा | भुक्तानी पाउने | भुक्तानी रु. | मू.अ.कर |
|---|---|---|---|---|
| ७।२०७८।६।२ | सूचना प्रकाशन | रौतहट एडभरटाइजिङ्ग एजेन्सी (६०९९१३८८२) | २८४,७६० | ३२,७६० |
| १५।२०७८।६।५ | १७६ पिस रेनकोट खरिद | आरही ट्रेडर्स एण्ड जेनरल औडर सप्लार्यस (६१४५०६१७९) | ४९२,००० | ५७,२०० |
| १६।२०७८।६।५ | छाता व्याग खरिद | न्यू इलेक्ट्रोनिक प्लाजा (६०२५८६०५६) | ४९५,९२३ | ५७,०५३ |
| १७।२०७८।६।५ | टर्च लाईट तावेल रेनकोट आदि | न्यू इलेक्ट्रोनिक प्लाजा (६०२५८६०५६) | ४९९,१४३ | ५७,४२३ |
| २३।२०७८।६।१३ | खानाखाजाको बिल भुक्तानी | होटल शुभम् गौर १ ( ३०२६६१४४८) | ४०१,७१५ | ४६,२१५ |
| ४६।२०७८।६।२४ | खानाखाजाको बिल भुक्तानी | साइमन रेष्टुरेण्ट एण्ड बार (६०२५८८०६५) | ४९७,७६५ | ५७,२६५ |
| ७०।२०७८।७।१५ | छठ पर्वमा विपन्न महिलालाई वितरण गर्न ३५० थान लेडिज कुर्ता सुरवाल | जय मा लक्ष्मी (३०४३५११४३) | ४९८,३३० | ५७,३३० |
| ७३।२०७८।७।१६ | विभिन्न कपडाका सामानहरु खरिद | आमान ट्रेडर्स रौतहट ६०७७९३६२० | ४९८,७०९ | ५६,३३८ |
| १०४।२०७८।८।३ | खानाखाजाको बिल भुक्तानी | होटल शुभम् गौर १ ( ३०२६६१४४८) | २६९,७३१ | ३१,०३१ |
| १५४।२०७८।१०।१६ | विपद व्यवस्थापन शीर्षकबाट VTM ४०० थान खरिद | नेशनल सर्जिकल हाउस ३०४२४६५८६ | ४५२,००० | ५२,००० |
| जम्मा | | | ४,३९०,०७६ | ५०४,६१५ |

| ५६ | | | **पदाधिकारी सुविधा :-** मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्गा गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । पालिकाले यसवर्ष निम्नानुसार आन्तरिक आम्दानीको रु.२०,५५,६१८ को २६९ प्रतिशत अर्थात रु.५५,४१,२२४ खर्च गरेको छ । उक्त कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सीमाभित्र राख्नुपर्दछ ।<br>
<table>
<tr><td>विवरण</td><td>खर्च व्यहोर्ने स्रोत</td><td>विनियोजन रु.</td><td>खर्च रकम रु.</td></tr>
<tr><td>पारिश्रमिक पदाधिकारी</td><td>राजश्व बाँडफाँट</td><td>८००००००</td><td>८००००००</td></tr>
<tr><td>पारिश्रमिक पदाधिकारी</td><td>आन्तरिक स्रोत</td><td>२५००००</td><td>१०००००</td></tr>
<tr><td>पदाधिकारी अन्य सुविधा</td><td>राजश्व बाँडफाँट</td><td>१०००००</td><td>२६०००</td></tr>
<tr><td>पदाधिकारी ईन्धन</td><td>राजश्व बाँडफाँट</td><td>५३०००००</td><td>४३९७९०४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३६५००००</td><td>१२५२३९०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>कर्मचारी व्यवस्था :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करार लिइने कर्मचारी दरवन्दी सृजना गरी कर्मचारी व्यवस्थापन गर्न सकिने व्यवस्था छ । पालिकाले स्वीकृत पदमा बाहेक नायव सुव्वा तथा सहायक ईन्जिनियर लगायतका पदमा ५१ जना करारमा नियुक्ति गरी कार्य गराएको छ । पालिकाले वस्तुगत संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्थायी प्रकृतिको कामको लागि प्रदेश लोकसेवा माग गरी स्थायी कर्मचारी व्यवस्थापन गरी अन्य आवश्यक कर्मचारी सेवा करार मार्फत व्यवस्थापन गरी करारमा कर्मचारी भर्ना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ साथै दरवन्दी भन्दा बढी कर्मचारी तथा दरवन्दी वेगर करारमा कर्मचारी राख्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>गत वर्षको भुक्तानी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी तथा यस वर्षको बजेटमा मात्र गत वर्षको भुक्तानी दिन बाँकी बजेट शीर्षकमा रकम व्यवस्था गरेर तथा बजेट व्यवस्था नगरी समेत भुक्तानी दिएको छ। पेश भएका श्रेस्तामध्ये नमूना परीक्षण गर्दा बजेट व्यवस्था गरी रु.२८ लाख ४५ हजार र बजेट व्यवस्था नगरी रु.१ लाख ३५ हजार खर्च गरेको देखियो । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ५९ | ९४ | २०७८-७-२६ | **प्राविधिक बिल :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चलाई पुष्ट्याई गर्ने आवश्यक बिल भरपाई वेगर खर्च लेख्न नहुने उल्लेख छ । तर यस पालिकाको वडा नं २ मा २०७८।७९ को वडास्तरीय योजना अन्तर्गत वडा नं.२ भरीको नाला सरसपाई गर्ने कार्यका लागि दैनिक ज्यालादारी फारम, नागरिकताको प्रतिलिपि र वडाको सिफारिस मात्र राखी राम लक्ष्मण साह बनियालई रु.१ लाख कर कट्टी गरी भुक्तानी दिएकोमा लागत अनुमान, नापी किताव सहित प्राविधिक बिल र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १००,००० |
| ६० | | | **परामर्श सेवा :-** सार्वजनिक खरिन नियमावली,२०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिमा विभिन्न कामको लागि विभिन्न परामर्शदाता छनौट गरी यो वर्ष देहाय बमोजिमको भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नासार छ । | |

| गो.भौ.नं./मिति | योजना | भुक्तानी रु. | पार्टी |
|---|---|---|---|
| १४९।२०७९।३।२२ | Preparation of Detail project report (DPR) of Ishnath Vegetable Market | १४८८५२४ | इम्पेरिकल इन्जिनियरिङ कन्सल्ट्यान्सी प्रा.लि. ६०४२८७२३६ |
| १५१।२०७९।१।२२ | Preparation of Detail Project Report of Ishnath City Hall | १०००००० | इम्पेरिकल इन्जिनियरिङ कन्सल्ट्यान्सी प्रा लि ६०४२८७२३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • परामशर्श सेवाको लागि लागत अनुमान नै तयार नगरी खरिद प्रकृया अगाडि बढाएको छ। तयार गरेको लागत अनुमानमा पनि कार्यसम्पादन गर्न लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणका बखत पेश भएन । तसर्थ लागत अनुमान यथार्थपरक नहुँदा र नबाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी यकिन गर्न सकिएन ।<br>• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा प्राय सबै प्रकारका आयोजनाको अध्ययन प्रतिवेदन परामर्शदातबाट गराउने गरेको देखियो ।<br>• परामर्शदाताबाट पेश भएको प्रतिवेदन कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्नेमा दाखिला नभएकोले सो दाखिला हुनुपर्दछ ।<br>अध्ययन भएका उक्त योजना कार्यान्वयन भएको देखिएन । यसले गर्दा कार्यान्वयन हुन सक्ने आयोजनाको मात्र डिपीआर तयार गर्नु पर्दछ । | |
| ६१ | १६९ | २०७८-११-५ | **कार्यटोलीको खानाखाजा खर्च :**- नगर प्रमुख सन्तोष कुमार मेहताले मिति २०७८।१०।१८ गते विभिन्न केन्द्रीय नियकाबाट प्राप्त हुने विविध अनुदानका कार्यक्रम अन्तर्गत इशनाथ न.पा.३ स्थित विवाह मण्डम खेल मैदान आदि र सडक वोर्ड नेपालमा सडक निर्माणको भुक्तानी लिन लगायतका कार्यमा पहल गर्न मिति २०७८।१०।१९ देखि २०७८।१०।२५ सम्म ५ जनाको कार्यटोली काठमाण्डौ खटाएको पत्र राखी कोठा र खाना खाजाको काठमाण्डौका विभिन्न टुक्रे बिलहरु राखी दिपक कुमार रौनियारलाई रु.१,७२,००० मा कर कट्टी गरी भुक्तानी दिएको छ । तर को कर्मचारीहरु ५ जनालाई पठाएको हो नाम नामेसी विवरण सहितको स्वीकृत भ्रमण आदेश छैन । पालिकाको कर्मचारीलाई वा पदाधिकारीलाई खटाएको भए भ्रमण आदेश, भ्रमण बिल, भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने रु. | १६९,४२० |
| ६२ | | | **विविध खर्च :**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.६७ लाख ४६ हजार को तुलनामा करिव ७० प्रतिशत अर्थात रू.४६ लाख ९५ हजार खाना, खाजा, पानी, चिया लगायतका शीर्षकमा खर्च गरेको छ । विविध खर्चको उद्‌देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने पदाधिकारी/कर्मचारीलाई जिम्मेवार र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जवाफदेही बनाउँदै खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । पालिकाबाट पेश भएका श्रेस्ता मध्ये नमूना छनौट गरी परीक्षण गर्दा देहाय बमोजिमका खाना, खाजा, होटल बास लगायतका खर्चहरु जिल्लाभित्रका होटलहरु र काठमाण्डौका केही होटलहरुको समेत बिल भुक्तानी गरेको देखीएकोले कार्यक्रम र औचित्य वेगरका यस्ता खर्चलाई नियन्त्रण गरी निश्चित सीमाभित्र राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्ड :- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धन कार्यालय प्रयोजनको शीर्षकबाट रु.६४ लखा ९१ हजार खर्च गरेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सोझै खरिद :- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा रु १० लाख सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ।पालिकाले यो बर्ष निम्नानुसारको खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई रु. ४१९४१११ को सोझै खरिद गरेको देखियो। सोझै खरिद गरेकोले पालिकाले समान समाग्रीको पैकेज बनाई खरिद गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>आपूर्तक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४-०७८।०६।०५</td><td>केशरी सप्यार्स</td><td>साईकल,पिपिसेट, जैकेट, अक्सिजन मिटर आदी लगायत स्वास्थ्य समाग्री</td><td>४०१८७०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५-०७८।०६।०५ | जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | पिपि सेट, मास्क आदी लगायत स्वास्थ्य समाग्री | ४९२६९६ |
| ६-०७८।०६।०५ | जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | डटविन, साबुन, ग्लोभ आदी लगायत स्वास्थ्य समाग्री | ३६६७३९ |
| ९-०७८।०६।०५ | जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | डटविन, साबुन, ग्लोभ आदी लगायत स्वास्थ्य समाग्री | १२५२३० |
| १२-०७८।०६।०५ | देउराली जनरल सप्लायर्स | पिपि सेट, सेनिटाईजर, माक्स ग्लोभ लगायत स्वास्थ्य समाग्री | ३०३८३७ |
| २९७-०७८।०६।०५ | आमान ट्रेडर्स | माक्स, साबुन, कुलक्रलेटर, टोनर, हार्पिक, तौलिया, कपसेट, डोमेट आदी | ४७३७६३ |
| मसलन्त समाग्री खरिद | | | |
| २९८-०७९।३।२४ | संक्षना जेनरल सप्लायर्स | पेपर, फारम, खाता, फाईल आदी | ४७५५९२ |
| ३०६-०७९।३।२४ | मनोकामना अफ्सेट प्रेस | पेपर, पेन, स्टेपरल, काटेज आदी | ४७२०३० |
| ३०७-०७९।३।२४ | मनोकामना अफ्सेट प्रेस | काटेज, टेवल, माउस, किवोर्ड आदी | ४७५०५४ |
| ३०८-०७९।३।२४ | मनोकामना अफ्सेट प्रेस | पेपर, रजिष्टर, फारम, काटेज आदी | ४७४३०० |
| ३०७-०७९।३।२५ | मेहता व्रदर्स एण्ड जेनरल सप्लायर्स | पेपर पेनड्राईभ किवोर्ड माउस | १३३००० |
| जम्मा | | | ४१९४१११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **आर्थिक एवं कार्यक्रमगत सहयोग :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । तर यस पालिकाले आन्तरिक चालू तथा नेपाल सरकारको चालू खर्च शीर्षकबाट मेला, पर्व, सास्कृतिक तथा धार्मिक कार्यक्रममा टेन्ट हाउस लगायत विभिन्न संघ तथा संस्थालाई टेन्ट, खाजा, खाना, नाट्य पुरस्कारको विल भरपाईको आधारमा खर्च गरेको छ । खर्चको अनुमानित लागत, के-के काममा कति रकम खर्च गर्ने स्वीकृत प्रस्ताव बेगर कार्यक्रमगत आर्थिक खर्च गरेको छ । खर्चको अनुमानित लागत र प्रस्ताव स्वीकृत नगरी मेला, पर्व, सास्कृतिक तथा धार्मिक कार्यक्रम गरेवापत भनि | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>टुक्रा-टुक्रा विल राखि देहायका व्यक्तिलाई रु. १६,००,०००।- भुक्तानी दिएको छ । पालिकाले यस्तो कार्यक्रम गराएमा दिगो उपलब्धि नहरेकोले यस्त कार्यक्रममा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td>गो.भौ.नं./ मिति</td><td>भुक्तानी पाउने</td><td>बापत</td><td>भुक्तानी रु.</td></tr>
<tr><td>३३१-०७९।३।३२</td><td>प्रेम नारायण प्रसाद यादव</td><td>टेन्ट हाउस</td><td>६०००००</td></tr>
<tr><td>३३०-०७९।३।३२</td><td>दिपक कुमार रौनियार</td><td>टेन्ट, खाजा, खाना, नाट्य</td><td>१००००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६,००,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td>२९५</td><td>२०७९-३-२३</td><td>यातायात भत्ता :- स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। बालबालिकाहरुलाई पठनपाठनमा अवरोध नहोस् भनी कोरोना भाइरस बारे जनचेतनामुलक कार्यक्रम मिति २०७९।१।१६ देखि २०७९।१।१८ गते सम्म ३ दिने कार्यक्रम सञ्चालन गरे बापत श्री मानव परोपकार केन्द्रलाई रु ३८९४२७ भुक्तानी भएको देखिन्छ। ३ दिने संचालन कार्यक्रममा ९ दिनको अनुगमन, संयोजक, सहयोगी र यातायात बापतको भत्ता भुक्तानी भएकोले तथा बढी भुक्तानी भएकोले देहायका व्यक्तिहरुबाट असुल उपर गर्नुपर्ने रु
<table>
<tr><td>नाम</td><td>बापत</td><td>दिएको दिनको भत्ता</td><td>दिनुपर्ने दिनको भत्ता</td><td>बढी दिनको भत्ता</td><td>दर रु</td><td>कर बाहेक अशुल गर्नुपर्ने रु</td></tr>
<tr><td>सन्तोष कुमार मेहता</td><td>अनुगमन भत्ता</td><td>९</td><td>३</td><td>६</td><td>१०००</td><td>५१००</td></tr>
<tr><td>दिनेश प्रसाद कुशवाहा</td><td>अनुगमन भत्ता</td><td>९</td><td>३</td><td>६</td><td>१०००</td><td>५१००</td></tr>
<tr><td>मोहम्द बोकार</td><td>संयोजक भत्ता</td><td>९</td><td>३</td><td>६</td><td>१०००</td><td>५१००</td></tr>
<tr><td>मो मुन्ना आलम</td><td>सहयोगी भत्ता</td><td>९</td><td>३</td><td>६</td><td>१०००</td><td>५१००</td></tr>
<tr><td>८० जना सहभागीलाई</td><td>यातायात भत्ता</td><td>९</td><td>३</td><td>६</td><td>२००</td><td>३२०००</td></tr>
</table>
</td><td>५२,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ५२४०० | |
| ६७ | | | **वितरण भरपाई :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च लेख्दा विल भरपाई संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका सामाग्री देहायका व्यवसायीवाट रु २१६४१३२ खरिद गरी खर्च लेखेको देखिन्छ । पालिकाले देहायका सामाग्रीको हस्तानतरण तथा वितरण भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | २,१६४,१३५ |

| गो.भौ.नं./ मिति | भुक्तानी पाउने | विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| ४-०७८।०६।०५ | केशरी सप्यार्स | साईकल,पिपि सेट, जैकेट, अक्सिजन मिटर आदी | ४०१८७० |
| ५-०७८।०६।०५ | जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | पिपि सेट, मास्क आदी | ४९२६९६ |
| ६-०७८।०६।०५ | जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | डटविन, साबुन, ग्लोभ आदी | ३६६७३९ |
| ९-०७८।०६।०५ | जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | डटविन, साबुन, ग्लोभ आदी | १२५२३० |
| १२-०७८।०६।०५ | देउराली जनरल सप्लायर्स | पिपि सेट, सेनिटर्ईजर, माक्स ग्लोभ | ३०३८३७ |
| २९७-०७८।०६।०५ | आमान ट्रेडर्स | माक्स, साबुन, कुलक्रलेटर, टोनर, हार्पिक, तौलिया, कपसेट, डोमेट आदी | ४७३७६३ |
| | | | २१६४१३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **घरभाडा र अन्य भाडा :-** पालिकाले यसवर्ष घरभाडा शीर्षकमा रु.२१,५४,२०० र अन्य भाडा शीर्षकबाट रु.१७,१३,८३९ खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा भाडाको दर निर्धारणको तरिका र निर्णय पेशले भुक्तानी भएको रकम यथार्थ हो भनी यकिन गर्न सकिएन । विगतदेखि नै भाडामा लिएपनि म्याद थप वा नयाँ सम्झौता नगरी भुक्तानी भएकोले भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दररेट कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **गैर सरकारी संस्था मार्फत खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूअकर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो । आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन। पालिकाद्वारा विभिन्न गैसस र कर्मचारी मार्फत कार्यक्रम गराउँदा आयकर ऐन २०५८ बमोजिम मुअकरमा दर्ता नभएका संग समेत सेवा खरिद गरेको देखियो भने कार्यक्रमको खर्च गर्दा स्वीकृत नर्म्स वेगर खर्च गरेको छ । पालिका द्वारा पेश भएका श्रेस्ताहरु मध्ये नमूना छनौट गरी परीक्षण गर्दा देहाय बमोजिमका गैसस द्वारा संचालन गरेका कार्यक्रमको नियमानुसार कर बिजक जारी नभएको सँग सेवा खरिद गर्दा भुक्तानी रकमको १५ प्रतिशत कट्टा | १,२५१,७७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्नेमा सो रकम कट्टा नगरी भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु( विस्तृत विवरण अनुसूची खण्डमा समाबेश रहेको छ।)</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष :- नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सोही बमोजिम खर्च गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिई सकेपछी सोही बमोजिम खर्च गर्नु पर्दछ । तर पालिकाले नगरपालिका चालु शीर्षकबाट नगरसभाको निर्णय वेगर तथा कुनै कार्यविधि नबनाई देहाहय बमोजिम प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी विगतको भुक्तानी र विभिन्न सामाहरु खरिद गरी खर्च गरेको छ । नगरसभाको निर्णय वेगर र कार्यविधि नबनाई यसरी रकमान्तर गरी खर्च गरेको देखिन्छ। कार्यविधि बनाएर मात्र प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी अति आवश्यक भएको खण्डमा मात्र खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
<table>
<tr><td>गो.भौ.नं र मिति</td><td>रकम</td></tr>
<tr><td>११।२०७८।६।५</td><td>१२०००००</td></tr>
<tr><td>४१।२०७८।६।२२</td><td>९७०५५३</td></tr>
<tr><td>१००।२०७८।६।२३</td><td>१००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम :-</td><td></td></tr>
<tr><td>७१.१</td><td></td><td></td><td>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका २ वडामा १३ योजना सञ्चालन गरी यस वर्ष २४९ जनालाई बढीमा ८१ दिन रोजगारी उपलब्ध गराई रु. ५६,१८,८२६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । | |
| ७१.२ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाले तोके बमोजिम वडागत रुपमा समुह गठन नभएको र वडाको सबै योजना एउटै समुह गठन गरी संचालन गरेको देखिन्छ । योजना र कार्यक्रम बिच तादम्यता देखिदैन जस्तै नाली सफाई गर्ने योजनामा रुखका हाँगा काटेको मात्र देखिन्छ । अत: समुह गठन गरेको नदेखिएको, काममा लगाएका व्यक्तिहरुको सूचिकृत विवरण सम्वन्धित शाखाका कर्मचारी नहुँदा भिडाउन नसकिएकोले प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन भयो भनी भन्न सकिने अवस्था नदेखिएकोले पालिकाले यस्ता कार्यक्रम संचालन गर्दा निर्देशिकाले तोके बमोजिम संचालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७२ | | | **फरक खर्च शीर्षकबाट भुक्तानी :-** | |
| ७२.१ | ११५ | २०७९-३-२५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । गत आ.व.को विपद व्यावपस्थापन सम्वन्धि कार्यक्रम वापतको रु. १७६,१२७।- रकम यसवर्ष संघीय सरकारबाट हस्तान्तरित चालु कार्यक्रमबाट भुक्तानी भएको देखिन्छ ।सम्वन्धित शिर्षकमा रकम छुट्याएर भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित गरी भुक्तानी दिनुपर्नेमा पालिकाले भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित नगरी भुक्तानी दिएको देखिँदा अनियमित देखिएको रु. | १७६,१२७ |
| ७२.२ | ११९ | २०७९-३-२५ | यसमा सूचना प्रविधि अधिकृत कृष्ण कुमार नन्दनलाई मिति २०७८ कार्तिक महिना देखि असार महिनासम्मको रु. ३९१,१४१।- तलव भत्ता नगरपालिका चाँलुबाट भुक्तानी गर्नुपर्नेमा सशर्त चालुको आधारभूत तथा माध्यामिक तहमा | ३९१,१४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकको तलबबाट भुक्तानी भएको देखिन्छ । यसरी शिक्षकको तलवबाट अन्य कर्मचारीलाई तलवभत्ता वापतको भुक्तानी अनियमित देखिएको रु. | |
| ७३ | ४५ | २०७८-९-२७ | **उद्यम विकास कार्यक्रम :-** उद्यम विकास सहजकर्ता अनुज कुमार पाण्डेयको मिति २०७८/०८/२६ को निवेदन माग बमोजिम उद्यम विकास सम्वन्धि निर्देशिकाले तोके बमोजिम उद्यम समुह गठन देखि पुरानो उद्यमीको स्तरोन्नतीसम्मका १७ वटा कार्यक्रमको लागि एकमुष्ट रु. १६,२४,०००।- पेस्की रकम उपलब्ध गराएको देखिन्छ । उद्यम विकास निर्देशिकाले पहिला एक काम भएपश्चात मात्रै पुन: सोहि समुहमा अर्को काम गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी पहिलो कामको शुरुवात नहुँदै अन्तिम कामको समेत पेस्की दिएको देखिन्छ। निज अनुज कुमार पाण्डेय करार सेवामा रहेको र मिति २०७९ श्रावण देखि करार म्याद थप नभई सेवामा रहेको देखिएन ।आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ५०(२) मा पेस्की लिएको रकम तोकिएको म्याद भित्र कार्य सम्पन्न गरी फस्यौंट गर्नुपर्ने अन्यथा बार्षिक दश प्रतिशतका दरले हुन आउने ब्याज समेत जोडेर असुल गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ ।निज हाल कार्यरत समेत नभएकोले सो पेस्की रकम जोखिममा परेको देखिन्छ । यसरी करारको कर्मचारीलाई कानून विपरीत एकमुष्ट पेस्की दिने तत्कालिन कार्यालय प्रमुख र लेखा प्रमुखसमेतलाई पेस्की रकम असुलका लागि जिम्वेवार बनाउनु पर्ने देखिन्छ । कार्यक्रम सम्पन्न भईसकेको भए पालिकाले अनुगमन गरी पेस्की फस्यौट गर्नुपर्दछ अन्यथा कानून बमोजिमको १० प्रतिशत व्याज रु. १६२,४००।- सहित कुल रु. १७८६,४००।- निज अनुज कुमार पाण्डेयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १,७८६,४०० |
| ७४ | १२२ | २०७९-३-२५ | **बहुक्षेत्रीय पोषण कार्यक्रम :-** बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाका लागि नगरपालिकाले जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स गौर रौतहटबाट तपसिलका सामाग्रीहरु मु.अ.कर सहित रु. ६८८,०७०।- मा खरिद गरेको देखिन्छ । पालिकाले खरिद गर्ने निर्णय गरेको देखिदैन र प्राप्त सामानको दाखिला प्रतिवेदन नहुदा सामान कहिले प्राप्त भयो स्पष्ट हुन सकिएन । जिन्सी शाखालाई बुझ्दा सामाग्री कार्यालयबाट वितरण नभई अन्य स्थानबाट वितरण भएको जानकारी प्राप्त भयो । गर्भवती र सुत्केरीको तथ्याङ्क बहुक्षेत्रीय पोषण संयोजकबाट लिएर समयमानै वितरण गर्नुपर्नेमा ध्यान दिनुपर्ने देखिन्छ । सामान प्राप्त गर्ने व्यक्ति सुत्केरी तथा गर्भवती हुन भन्ने प्रमाण कागज | ६७५,८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्लग्न गरेको देखिएन । एक व्यक्तिलाई कति सामाग्रीको उपलब्ध गराउने हो प्याकेज तयार गर्ने सम्वन्धि निर्णय समेत भएको छैन । अत : वितरण सामानको प्याकेज र सुत्केरी तथा गर्भवतीहरुलाई सामन वितरण भएको देखिने प्रमाण कागज पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>सामाग्रीको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>चना</td><td>१०७३ के.जि.</td><td>१००</td><td>१०७,३००।-</td></tr>
<tr><td>२</td><td>मुसुरो दाल</td><td>२००० के.जि.</td><td>१४९</td><td>२९८,०००।-</td></tr>
<tr><td>३</td><td>घिउ</td><td>२०० प्याकेट</td><td>४७०</td><td>९४,०००।-</td></tr>
<tr><td>४</td><td>चामल</td><td>२३५४ के.जि.</td><td>७५</td><td>१७६,५५०।-</td></tr>
<tr><td colspan="4">कुल जम्मा</td><td>६७५,८५०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>बढी भुक्तानी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमका कर्मचारीलाई कागजात बेगर नै रकम भुक्तानी गरेको देखिन्छ । लघु उद्यम तर्फका अनुज कुमार पाण्डेय र प्रेम शंकर झा हाल कार्यरत रहेको नदेखिदा भुक्तानी भएको रकम जोखिममा परेको देखिन्छ । भुक्तानी गर्दा खर्च पुष्टि गर्ने विल भरपाई सहित भुक्तानी दिनुपर्नेमा बिल भरपाई बेगर भुक्तानी दिने कार्यालय प्रमुख र लेखा प्रमुख जिम्वेवार बन्नुपर्ने देखिन्छ । अत: कार्यक्रम नगरी भुक्तानी भएको .रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.न.</th><th>मिति</th><th>विवरण</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>११८</td><td>२०७९-३-२५</td><td>दिपेश रौनियारलाई भुक्तानी दिएको</td><td>९८,८००।-</td></tr>
</table></td><td>२१८,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१२१</td><td>२०७९-३-२५</td><td>लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सृजना गर्ने कार्यक्रमका लागि अनुज कुमार पाण्डेयलाई रु. ६०,०००।- र प्रेम शंकर झा लाई रु. ६०,०००।- भुक्तानी भएको</td><td>१२०,०००।-</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>२१८,८००।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>उन्नत विउ उपयोगमा मुल्य अनुदान :-<br>खाद्यान्न बालीको उन्नत विउ उपयोगमा मुल्य अनुदान सम्वन्धि १५ दिने सूचना मिति २०७८/०९/२९ मा स्थानीय पत्रिकामा प्रकाशन भएको छ । लागत अनुमान रु. १८ लाखको रहेको देखिन्छ । सिलवन्दी दरभाउपत्र छनौट गर्दा मनोज विज भण्डार छनौट भएको देखिन्छ । पालिकाले छनौट भएको मनोज विज भण्डारसँग सम्भौताको समयमा स्पेशिफिकेसन तयार गर्दा गहुँ उच्च गुणस्तरको हुनुपर्ने, अंकुरण क्षमता उच्च भएको तथा नेपाल सरकारकले सिफारिस गरेको हुनुपर्ने भनी उल्लेख गरेकोमा गहुँ प्राप्त हुदा सो सम्वन्धि कुनै चेकजाँच तथा प्रमाण कागज पेश गरेको छैन । २५७१४ के.जि. रु. ७० का दरले रु.१७,९९,९८०।-मा खरिद भएकोमा कृषकको लागत सहभागिता बापतको ५० प्रतिशतले हुने २५७१४ के.जि. रु. १७,९९,९८०।- को विल भरपाई सम्लग्न रहेको छैन । विउको वितरण मापदण्ड के थियो पेश हुन आएन । सूचनामा ५० प्रतिशत लागत सहभागिता भनेपनि लागत सहभागिता देखिदैन। अत: पालिकाबाट वितरण गरिने विउ विजन वितरणको स्पष्ट मापदण्ड तय गरी दोहोरो नपर्ने गरी वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । लागत सहभागितको रकम जम्मा गरेको भौचर र ५१४२८ के.जि.विउ वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१,७९९,९८०</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>छात्रवृत्ति अनुदान :- कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं.७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत दलित छात्र छात्रवृत्ति र छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि २२ विद्यालयहरुलाई कक्षा १ देखी ८ सम्मको रु.१६,२५,२००।- विद्यालयलाई निकास दिएको छ । प्रतिविद्यार्थी रु. ४०० का दरले वितरण गर्नुपर्ने छात्रवृत्ति विद्यालयले सम्वन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्वन्धमा पालिकाले विद्यालयहरुसँग प्रमाण कागज</td><td></td></tr>
</table>

<table>
